# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २४ साउन २०८०

# बुधवार

# बैठक सङ्ख्या- ३५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, माननीय सदस्यहरूले समसामयिक विषयमा बोल्नका लागि दलीय आधारमा समय माग गर्नुभएको छ । अब म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । माननीय जगप्रसाद शर्मा ।

(१३:०३ बजे) **माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, यो चौधौं अधिवेशन सुरु भएको धेरै समय भयो । यो चौधौं अधिवेशन सुरु भएपछि हामीले बजेट, सरकारले अगाडि सारेको बजेट पारित गर्‍यौं । त्यसयता आउँदा केही हप्ताअगाडिदेखि संसद अवरुद्ध छ । जनताबाट निर्वाचित जनप्रतिनिधिहरू, जसले जनतासँग सरोकार राख्ने मुद्दाहरू, जनसरोकारका विषयहरू उठाउने यो सार्वभौम संसद, संघीयतालाई कार्यान्वयन गर्ने र नयाँ संविधानअनुरूप कानुन बनाउने, यो कानुन निर्माण गर्ने, यो सार्वभौम संसद र जनतासँग जोडिएका, राष्ट्रसँग जोडिएका विकास निर्माणका

सवाल र मुद्दाहरू उठाउने यो संसद अवरुद्ध छ । यो अगाडि बढ्न सकिराखेको छैन । यसले स्वाभाविक रूपमा केही नयाँ प्रसङ्गहरू उठाएको छ । नयाँ संविधान जारी भइसकेपछि यो विगत ७/८ वर्षको इतिहासमा पटक पटक संसद अवरुद्ध हुने गरेको छ । ०७९ सालभन्दा पहिला हेर्दा महिनौंसम्म संसद अवरुद्ध भ'को छ । त्यसको परिणाम, त्यसको प्रतिफल के भयो? यो जनताले खोजिरहेका छन्, राष्ट्रले खोजिरहेका छन्, खोज्छन्, खोज्छ । पछिको इतिहासपछिको पुस्तापछिको भावी पिँढीले पनि स्वाभाविक रूपमा यो के कारणले, के उद्देश्यले, यो अवरुद्ध भएको थियो? र त्यसको परिणाम के भयो? भन्ने यसको लेखाजोखा स्वाभाविक रूपमा गर्ने नै छ ।

अहिले आउँदा कि यो सार्वभौम संसदको महत्त्व आफैंमा गरिमामय अथवा महत्त्व आफ्नो ठाउँमा छँदै छ । यसलाई अहिले संसदलाई सुचारु गर्ने सवालमा जसरी केही सवालहरूलाई लिएर जे ढङ्गले प्रतिपक्षबाट अवरुद्ध गर्ने गरिएको छ, यसले यो संसद अवरुद्धको औचित्य पुष्टि गर्दैन । हामीले नयाँ संविधान जारी गरिसकेपछि नयाँ संविधानको भाव, spirit भिन्नै हो । जसरी यो नयाँ संविधान जारी हुनुभन्दा पहिला नेपालमा संसद अथवा यो संसद सञ्चालन गर्ने प्रक्रिया, परम्परा जो थियो, तिनै प्रक्रिया, परम्परा सबैलाई तोडेर हामी नयाँ ठाउँमा आएका छौं । राज्यको पुनर्संरचना गरेर, नयाँ संविधान जारी गरेर, नयाँ राज्य निर्माण गरेर एक ढङ्गले हामी अगाडि आएका छौं । यसको भाव र मर्मलाई सबै राजनीतिक दलहरूले बुझ्नुपर्ने आवश्यकता म एकातिर देख्छु ।

हुनत नेपालमा राजनीतिक दलहरू लामो समयदेखि राज्यका विरुद्ध सङ्घर्ष गर्दै आए, आन्दोलन गर्दै आए । राज्यका विरुद्ध सङ्घर्ष गर्दै, आन्दोलन गर्दै आउने क्रममा आदत, संस्कार एक प्रकारले राज्यका विरुद्ध जाने, राज्यको विरोध गर्ने एउटा संस्कार र आदत त बसेको छ । तर हामीले जो ढङ्गले राज्यको पुनर्संरचनापछि र नयाँ संविधान जारी गरिसकेपछि जुन राज्य निर्माण गर्यौं, यो राज्य निर्माण गर्ने, यसलाई समृद्धिको दिशामा अगाडि लैजाने र यो राज्यलाई प्रवर्धन गर्ने दायित्व र जिम्मा कसको हो? यी राजनीतिक दलहरूको होइन? कतै कतिपय राजनीतिक दलहरू कहिले सत्तापक्षमा हुने र कहिले प्रतिपक्षमा हुने स्वाभाविक हो । के प्रतिपक्षमा भएका, अहिले वर्तमानमा प्रतिपक्षमा भएको राजनीतिक दलले यो संसदको औचित्य भनेको संसद अवरुद्ध गर्ने, संसद विघटन गर्ने, भाष्य निर्माण गर्ने र त्यो भाष्यलाई स्थापना गर्न खोजेको हो? किनकि विगत ६/७ वर्षको इतिहासले, इतिहासका घटनाक्रमहरूले र तथ्य र तथ्याङ्कले त्यही कुरा पुष्टि गर्छ, त्यही कुरा प्रमाणित गर्छ । हो कयौं सवालहरू प्रतिपक्षले सत्तासँग अथवा सरकारलाई खबरदारी गर्ने कुरा, सरकारले गरेका गल्ती, कमजोरीहरू आलोचना

गर्ने कुरा औँल्याउने कुरा स्वाभाविक हो । यो एउटा मान्यता हो । जसले सरकारले आफूबाट भएका गल्ती, कमी कमजोरीहरू correction गरेर अगाडि जाने र अहिले खास गरी राज्यले अगाडि सारेको, सरकारले अगाडि सारेको सुशासन, सामाजिक न्याय र समृद्धिको एउटा महान् अभियानलाई, यो अभिभारालाई, यो उद्देश्यलाई पूरा गर्नका निम्ति सरकार एउटा द्रुत गतिमा अगाडि बढिराखेको छ । त्यसमा कतै राजनीतिक आग्रह, पूर्वाग्रह राखेर संसद अवरोध भएको हो या पुराना आदत, संस्कार र पुराना पछि परेका परम्पराहरूले काम गरेर यो संसद अवरोध गर्न खोजिएको हो? यसको उत्तर जनताले चाहेका छन् । किनकि संसद, यो सार्वभौम संसद भनेको प्रतिपक्षहरूको मात्रै होइन । यो सार्वभौम संसद भनेको सबै निर्वाचित भएर आएका संसदहरूको हो । आफ्ना कुरा, जनताका कुरा, जनताका आवाज उठाउने सबै संसदहरूको हक छ, अधिकार छ । त्यसकारण कहीँ कतै प्रतिपक्षले यो संसद प्रतिपक्षको मात्रै भन्ने कुरा भाष्य स्थापना गर्दा अहिलेको प्रतिपक्ष भोलि प्रकारान्तर गएर सत्तापक्षमा आउन सक्छ, अहिले सत्तापक्षमा भएका भोलि प्रतिपक्षमा हुन सक्छन् । संसद भनेको केवल एकलौटी प्रतिपक्षको मात्रै हो भन्ने कुरा भाष्य स्थापना गर्दा त्यसले देश, जनता र इतिहासपछिको पुस्तालाई मद्दत गर्न सक्छ, सहयोग गर्न सक्छ र सेवा गर्न सक्छ भन्ने कुरा मलाई लाग्दैन ।

दोस्रो कुराः अहिले यतिखेर जे सवाल उठेको छ, खास गरी सरकारले भुटानी शरणार्थी प्रकरण बालुवाटार अथवा ललिता निवास प्रकरणलगायत यो मिटरब्याजी कानुन निर्माणका प्रक्रियालगायत अहिले सुन काण्डसम्म आउँदा थुप्रै सवालहरू उजागर भएका छन् । ती सवालहरू भित्र उजागर भए कि बाहिर भए? दायाँपट्टिबाट उजागर भए कि बायाँपट्टि उजागर भए? भन्ने कुरा प्रधान होइन । जे होस्, जे जसरी भए पनि तलबाट हुन् या माथिबाट, दायाँ साइडबाट हुन् या बायाँ साइडबाट, भित्र हुन् या बाहिर हुन्, वर्तमानको सरकारले यो उजागर गरेर बाहिर ल्यायो । लामो समयदेखि यो राज्यमा विकृतिका, भ्रष्टाचारका, अनियमितताका थुप्रै डुङ्गुरहरू थुप्रिएका छन् र यो सबै डुङ्गरहरूलाई सबै राजनीतिक दलहरूको एउटा राष्ट्रिय सहमति गरेर यी डुङ्गुरहरू सफा गरेर राज्यलाई नयाँ ढङ्गले अगाडि बढाउनुपर्ने, देशलाई नयाँ ढङ्गले अगाडि बढाउनुपर्ने र देशलाई वास्तवमा नयाँ ढङ्गले जनताको आवश्यकतालाई नयाँ ढङ्गले पूरा गर्नुपर्ने आवश्यकता एकातिर छ । तसर्थ, मैले के अनुरोध गर्न चाहन्छु र के भन्न चाहन्छु भने कि यो संसद जो ढङ्गले अवरोध भएको छ, केवल एउटा संसदीय छानबिन समिति बनाउनुपर्छ भनेर, नेपालको इतिहासमा थुप्रै पटक दर्जनौं संसदीय छानबिन समितिहरू बनेका छन् । हो, राजनीतिकसँग जोडिएका, राजनीतिसँग जोडिएका कयौं विषयहरूमा स्वभाविक हिसाबले संसदीय

छानबिन समिति बनाउनुपर्छ र बनाउने गरिएको पनि छ र आगामी दिनमा पनि त्यसको आवश्यकता होला ।

अहिले सुन प्रकरण, सुन काण्ड जो ढङ्गले हुने गरेको छ, आखिरी यहाँ अहिले भएका सत्तापक्ष या प्रतिपक्ष सबै कुनै न कुनै बेला लामो समय सरकारमा बसेका छौं । प्रतिपक्षमा बसेका छौं । र यो घटना केवल सुन प्रकरण, सुन काण्डको घटना केवल अहिले एकाएक आएको होइन । लामो यसको एउटा विरासत छ, जो उजागर भएको छ । र यसलाई यसको सत्य तथ्य आमजनतामा ल्याउने र ठिक ढङ्गले छानबिन गरेर बाहिर ल्याउने कुरा सरकारले अगाडि बढाएको छ । हामीले, संविधानले चिनेका, राज्यले चिनेका अङ्गहरू जो छन्, चाहे सेना होस्, चाहे पुलिस होस्, चाहे राज्यद्वारा, संविधानद्वारा निर्मित र राज्य र संविधानले चिनेका अङ्गहरू, राज्यका अङ्गहरू जो हुन्, त्यसमा हामीले विश्वास गर्नुपर्छ । हामीले त्यसमा विश्वास गर्न सकेनौं भने राज्यप्रतिको अविश्वास पैदा हुँदा राजनीतिक दलले अथवा प्रतिपक्षले या कुनै पनि राजनीतिक दलले राज्यका अङ्गहरूप्रति अविश्वास पैदा गर्दा, शङ्का पैदा गर्दा आखिरी राज्य कसरी अगाडि बढ्न सक्छ? र राज्य कहाँ जान्छ? तसर्थ, म भन्न चाहन्छु कि अहिले साधन स्रोतले सम्पन्न भएको, जनशक्तिले सम्पन्न भएको अलि आपराधिक घटनासँग जोडिएको जुन सुन काण्ड, सुन प्रकरण छ, यसलाई छानबिन गर्नको निम्ति नेपाल सरकारले, वर्तमानको नेपाल सरकारले CIB लाई पुलिसको एउटा bureau लाई जो ढङ्गले जिम्मा दिएको छ र त्यसले गृह मन्त्रीले प्रतिबद्धता पनि जाहेर गरिसक्नुभएको छ । आगामी ३५ दिनभित्र यसको सत्य तथ्य सबै छानबिन गरेर बाहिर ल्याइन्छ । त्यो बाहिर ल्याइएको सत्य तथ्यसहित छानबिन गरेर, बाहिर ल्याइएको प्रति चित्त बुझेन, त्यसमा हाम्रो चित्त बुझेन र त्यसमा हाम्रो मन परेन भने फेरि छलफल गर्न सक्ने, फेरि बहस गर्न सक्ने र फेरि हामीले नयाँ ढङ्गले त्यसलाई छानबिन गर्नुपर्छ भन्ने सवाल उठाउन सार्वभौम संसदमा हामी छौं । र सार्वभौम संसद हामीसँग छ । यो विघटन पनि भएको छैन । सार्वभौम संसद कतै जान्न । ३५ दिनपछि अथवा ३० दिन, १ महिनापछि सार्वभौम संसद रहिराख्छ । तसर्थ, सरकारले यो प्रक्रिया अगाडि बढाइराखेको अवस्थामा कि निरपेक्ष हिसाबले संसदीय छानबिन समितिको मात्रै माग गरेर संसद अवरोध गर्नु कुनै पनि हिसाबले, कुनै पनि कोणबाट हेर्दा, बुझ्दा त्यो औचित्यपूर्ण देखिँदैन । तसर्थ, यो संसदलाई सुचारु गरौं । म यो अनुरोध गर्न चाहन्छु । यो संसदलाई सुचारु गरौं र अगाडि बढाऔँ । कि यो राष्ट्रिय सभाका कार्यभारहरूलाई पूरा गर्नका निम्ति हामीले एउटा सहमति कायम गरेर अगाडि बढाऔँ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु ।

र तेस्रो कुराः राष्ट्रिय सभाको विगत ५/६ वर्षको इतिहास हामीले जे देखेका छौं, हामीले केही न केही राज्यलाई, राष्ट्रलाई एउटा नयाँ सन्देश, एउटा नयाँ भाव, नयाँ एउटा lesson दिने गरेका छौं । चाहे त्यो समय व्यवस्थापन र समयको ठिक ढङ्गले सदुपयोग गर्ने कुरा होस्, यसमा एउटा हामीले मैले भन्न चाहन्छु भाष्य नै निर्माण गरेका छौं । त्यस्तै हामीले मोटामोटी अहिलेसम्म हेर्दा हाम्रो ताकेता, राष्ट्रिय सभाको ताकेता, कोसिसबाट ५५ वटा विधेयक यहाँ दर्ता भएका छन्, उत्पति भएका छन् । र .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय कुमार दसौदी ।

(१३:१४ बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्ष महोदय, सर्वप्रथम हिजो मात्रै रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिका ऋचीमा भएको बस दुर्घटनाबाट ४ जना रोल्पाका प्रकाश बाठा, गोर्खे डाँगी, हस्त डाँगी, भक्तवीर वि.क. को निधन भ'को छ म उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । उहाँहरूको परिवारप्रति, आफन्तजनप्रति समवेदना व्यक्त गर्न चाहन्छु । र १९ जना घाइते भएका छन्, त्यसको शीघ्र स्वास्थ्य लाभको लागि सरकारले यथाशीघ्र निःशुल्क उपचारको म जोडदार माग गर्न चाहन्छु । साथै उनन्तिसौं अन्तर्राष्ट्रिय आदिवासी जनजाती दिवसका सन्दर्भमा म सबै जनजातीहरूलाई नेकपा एमाले संसदीय दलको तर्फबाट हार्दिक शुभकामना दिन चाहन्छु र उहाँहरूलाई बधाई भन्न चाहन्छु ।

र खास गरिकन नेकपा एमालेले संसदलाई बन्दक बनाएर भाष्य निर्माण गर्न खोजेको छैन । हामीले सुन काण्ड जुन दिनदेखि घटना घटेको छ, त्यसै दिनदेखि यसको उच्चस्तरीय छानबिन हुनुपर्छ, यो विषयमा, यो तस्करहरू चाहिँ ढोका बन्द गर्नुपर्छ, देशमा सुशासन कायम हुनुपर्छ भनेर हामी माग गरेका गर्‍यै छौं । सरकार यसबाट किन भाग्न खोज्दैछ? किन भागिरहेको छ? आज २०/२२ दिन भइसक्यो । अनि बिचमा आएर सरकारले CIB को नाममा चाहिँ फेरि चाहिँ गोलमोटल पारेर चाहिँ पन्छाउन खोज्दैछ । के गठबन्धन सरकार भनेको सधैंभरि तस्करी गर्न अथवा यस्तै गर्नका लागि मात्रै चाहिँ बनेको हो? हामीलाई के कुरा थाहा छ भने हामीले माग गरेको हिजो पनि हामीले यो कुरा माग गर्‍याथ्यौं । अर्थ मन्त्रालयमा यस्तो भो' भनेर माग गर्दाखेरि एउटा मुसाले चाहिँने त्यो तार काट्यो भन्ने कुराले सबै ढिसमिस पनि भा'को थियो । यस्तो हुनुहुँदैन । हामीले कस्तो खालको राज्य व्यवस्था अपनाएका छौं त भन्दा हामीले पारदर्शी राज्य सञ्चालन गर्ने, राज्य व्यवस्था अपनाएका छौं । जसको हामी तीनटा सरकारको

व्यवस्थापन गरेका छौं । तर हामी व्यवस्था त्यस्तो गर्ने तर राज्य सञ्चालन कसरी गर्ने भन्दा राज्य सञ्चालन भित्र भित्रै, बाहिर जनतालाई मिठो कुरा, चिप्ला कुरा चाहिँ मतलब भन्ने, भित्र भित्रै जनतालाई चाहिँ मार्ने, जनतालाई ठग्ने, आज जनता चाहिँ एक गाँस खान पा'को छैन । एउटा रोजगारी पा'को छैन । एक मुठी चामल हालेर १० ओटा परिवार त्यो माड खाएर बसेको छ । तर नेताहरू भनेपछि ट्रकबाट सुन चाहिँ मतलब तस्करी गर्ने, भित्र्याउने त्यसमाथि छानबिन गरौं भन्दाखेरि उदासीन बन्ने र त्यसपछि चाहिँ उसले गरिहाल्छ भनेर, एउटा चाहिँ मतलब CIB ले आफ्नो चाहिँ गृहमन्त्रीमाथि कुनै शङ्का लाग्छ भने त्यसको छानबिन गर्न सक्छ सभामुख, अध्यक्ष महोदय?

एउटा चाहिँ अर्थमन्त्रीका पार्टीका स्वयम् सांसदले भन्नुभा'छ, अर्थमन्त्री जानासाथ सचिवको सरूवा भयो, अर्थ सचिवको । भन्सार, एयरपोर्ट भन्सारको चाहिँ DG को सरूवा भयो । किनभने त्यहाँ सेटिङ्ग मिल्याथेन । त्यो सेटिङ्ग मिलाएर चाहिँ त्यहाँ बदमासी हुने कुरा स्वयम् सत्तापक्षका सांसदले भनिरहनुभा'को छ । अनि त्यहाँको चाहिँ उसले मन्त्री स्वयम् बहाल छ, एउटा नैतिकताको कुनै आधार छैन । उहाँहरूले कुनै जिम्मा लिनुहुन्न, त्यसपछि हामीले त अझै उल्टै चाहिँ के भन्ने त्यहाँ तस्करी भा' छ । कहाँ त्यहाँबाट छुटे पनि हामीले त बाहिर, बाहिर त भाग नमिलेर समातिएको त्यो । अझ त्यसमा पनि जुन ठाउँमा जानुपर्ने, त्यो ठाउँमा गयो भने सबै कुरा पोल खुल्छ भनेर अनि पछि पछि दौडिएर बिच बाटोमा समातेर त्यसपछि ल है हामीले एउटा हातले चाहिँ छुट्यो भने पनि अर्को हातले समात्या छौं भनेर देखाउन खोज्ने । यो गलत कुरा हो, नेपाली जनतालाई बिल्कुल उल्लु बनाउन खोजिएको छ ।

यो कुरामा अहिले पनि सत्ताधारी गठबन्धन दल, माननीयज्यूहरू Serious हुनुपर्छ । यदि हामी Serious हुन सकेनौं भने भोली तपाईं हामी जाने त त्यही जनताको बिचमा होला नि? त्यो जनताले त सबै कुरा हेरिरहेको होला नि? छानबिन, उच्चस्तरको छानबिन समिति बनाएर छानबिन गरेर तपाईंहरूको जान्छ के? कहिले पनि आफ्नो, आफूभन्दा माथिको मान्छेको विरूद्ध तलको मान्छेले छानबिन गरेको यो रेकर्डै छैन । त्यसकारण म फेरि पनि माग गर्न चाहन्छु । यो सुन काण्ड ट्रकका ट्रक चाहिँ सुन भित्रिने, तस्करी गर्ने यो काम चाहिँ बन्द गर्नका लागि, सदाको लागि अन्त्य गर्नका लागि एउटा उच्चस्तरीय छानबिन बनाउनुपर्छ । छानबिन गरेर त्यसलाई निर्मूल गर्नुपर्छ, अनि मात्र देशमा सुशासन कायम गर्न सकिन्छ । अन्यथा उही तार काटेर चाहिँ मतलब मुसोले तार काट्यो, सिद्ध्यो भन्या जस्तै हुन्छ, त्यो कुरा नहुनको लागि फेरि पनि म जोडदार माग गर्छु । सुन काण्ड सदाको लागि यो तस्करी बन्द गर्ने गरिकन तपाईंहरू Serious हुनुहोस्, सरकार Serious बनोस् । यदि Serious नहुने हो भने भोली फेरि

पनि जवाफदेही तपाईं, हामी जनताप्रति हुनै पर्छ । त्यति बेला जनताले, जनताको बिचमा जाँदाखेरि जनताले तपाईं, हामीसँग सोध्ने नै छन्, प्रश्न गर्ने छन् ।

त्यसको साथ साथमा अर्को कुरा म के राख्न चाहन्छु भने हामी सुशासनका कुरा बहुत उठाउँछौं । राम्रो काम गर्ने भन्छौं, सुशासन दिइरा'छौं भनेर भन्छौं । तर तपाईंहरूको सुशासन कस्तो भयो भन्ने कुरा आज छ्याप्छ्यापि पत्रपत्रिकामा आइरा'छ । सुशासन त त्यो सबै ल्हारक्याललले सबै लर्काइदिसक्यो । अर्बौं मान्छेको एउटा आस्थाको रूपमा रहेको बुद्धभूमि जहाँ बुद्ध शान्तिको रूपमा चाहिँ, प्रतिकको रूपमा चाहिँ हामी लिन्छौं र अर्बौं मान्छेले भगवानको रूपमा मान्छन् । त्यस्तो ठाउँको अन्वेषण गर्ने, त्यस्तो ठाउँको खोज गरेर, त्यस्तो ठाउँको व्याख्या गरेर एउटा सबैलाई विश्वलाई शान्तिको चाहिँ मतलब सन्देश दिने ठाउँमा, हामी कस्तो मान्छे लगेर नियुक्ति गर्दैछौं? र कस्तो चाहिँ सुशासनको हामी चाहिँ जनतालाई चाहिँ त्यो अनुभूति अर्थात् हामी कस्तो चाहिँ मतलब शासन गर्दैछौं भन्ने कुरा राम्रोसँग जनताले चाहिँ हेरिरहेका छन् । एउटा चाहिँ अनेकौं काण्डमा, एउटै मान्छे तिब्बती शरणार्थी पत्र पनि छ, एउटै मान्छेसँग भारतीय रासन कार्ड पनि छ, उहीसँग चाहिँ राहदानी पनि छ, उही मान्छे लकरमा पैसा राख्ने ठाउँमा गोली राखेर अनि त्यसपछि हिँडछ, पकडिन्छ, जेल जान्छ, त्यही मान्छे आज लुम्विनी जस्तो चाहिँ एउटा पवित्र संस्थाको चाहिँ प्रमुख भएर चाहिँ हामी पठाएका छौं । जहाँ शान्ति भनेर चाहिँ हामी चाहिँ विश्वले गुनगान गाउँछ, मान्छ, त्यस्तो ठाउँको नेतृत्व गर्ने मान्छे गोली लकरमा राख्ने मान्छेलाई हामी त्यहाँ लगेर नियुक्ति गरेर राख्छौं । अनि सुशासन पत्याउन सकिन्छ? मान्न सकिन्छ? त्यसकारण हामीले यो सुशासन मात्रै भनेर होइन, व्यवहारमा देखिनुपर्छ ।

हामीले पारदर्शी शासनको राज्य व्यवस्था, व्यवस्था परेका छौं, परिकल्पना गर्‍या छौं, ल्या'का छौं भनेपछि त्यस अनुरूपको हाम्रा काम, कारबाही अगाडि बढ्नुपर्‍यो कि परेन? भोको जनताले खान पाउनुपर्‍यो कि परेन? बेरोजगार जनताले काम पाउन पर्‍यो कि परेन? खोइ त्यताप्रति चाहिँ सरकार गा'को? तर सरकार खाली विपक्षीलाई दोष, नेकपा एमालेलाई लगाउने, उल्टै चाहिँ के भने ३३ किलो सुन त भेटिएन नि? ३३ किलो सुन एउटा अन्तरिम Period मा आथ्यो । गोर्खे भन्ने मान्छे जेल गइसकेपछि आजसम्म सुन प्रकरण अहिलेसम्म बाहिर आउन सक्याथेन । कही चाहिँ त्यो तस्करी हुन सक्याथेन तर जब गठबन्धन सरकार बन्यो । त्यहाँको बाहिरबाट Monitoring गर्ने क्यामरा पनि हटाइयो । प्रधानमन्त्री कार्यालयबाट निरीक्षण, अनुगमन गर्ने कुरा पनि हटाइयो । सुन काण्ड पनि अब ट्रकका ट्रक भित्रिन थाल्यो । अब यो त तेइसौंपटक भा' हुनाले मात्रै चाहिँ भा' हुनाले भित्रियो । २२ औं पटक त्यही कम्पनीले

ल्याएको सामान कहाँ गयो? त्यो त अझ अब अत्तोपत्तो नै छैन भने यस्तो हालत हुँदाखेरि पैसाको लागि आज हामी सुन ल्याउन दिन्छौं । भोली एयरपोर्टै चाहिँ मतलब बम Blast गर्ने, प्रधानमन्त्रीकै बासस्थानमा बम Blast गर्ने, सिंहदबारमा बम Blast गर्ने, त्यस्तो खालको गर्दैनन् होला भन्ने कसरी विश्वास गर्ने? त्यस्तो आउँदैन भनेर कसरी विश्वास गर्ने हामीले? त्यसकारण हामी गम्भीर बन्न पर्छ कि पर्दैन? त्यसप्रति हामी सचेत हुन पर्छ कि पर्दैन? त्यसकारण म फेरि पनि ध्यानकर्षण गराउँछु माननीयज्यूहरूको कि नेपाल सरकारको यस्तो कुरा चाहिँ पैसाको नाममा पैसा लिने, पैसाको धन्दामा मुलुक र जनतालाई बर्बादी नगरौं, Serious बनौं । व्यवस्था हामीले ल्याएको हो । संविधान हामीले बनाएको हो । यो संविधानको संरक्षण, संवर्द्धन गर्ने र जनताको उन्नति प्रगति गर्ने पनि हामी नै हो । त्यसकारण त्यतातिर गम्भीर बनौं ।

एउटा चाहिँ छानबिन समिति बनाएर केही जाँदैन । तर छानबिन समिति बनाउन किन डराएको? पक्कै पनि डराउनुको पछाडि अर्थात् त्यसबाट भाग्नुको पछाडि त्यसमा कतै गृहमन्त्री, अर्थमन्त्री, सरकार त संलग्न छैन? मन्त्री त संलग्न छैन? छैन, संलग्न नभएपछि किन चाहिँ मतलब समिति बनाउन उहाँहरू भागेको? गम्भीर प्रश्न उठेको छ । हामी एयरपोर्टमा गयौं भने त्यहाँ VIP कक्ष राखेको छ । एउटा सांसद गयो भने VIP कक्षमा जान पाउँछ तर त्यहाँ हातमा चाहिँ Bag लियो भने सांसदलाई झोला पर जीरोबाट तपाईंलाई चेक गराएर ल्याउनुहोस् भनेर हामी त्यहाँ गएर फेरि जीरोबाट चाहिँ चेक गराएर अनि फेरि VIP कक्षमा जानुपर्छ । त्यस्तो चाहिँ सुरक्षा बनाउने, सुरक्षा चाहिँ गृहमन्त्रीअन्तर्गतको सुरक्षा निकायले त्यो ट्रकबाट चाहिँ क्विन्टल, क्विन्टल सुन आउँदा चाहिँ देख्दैन? त्यसका कान छैन?, आखाँ छैनन्? त्यसका अरू निकायहरू छैनन्? कति ओटा निकाय बस्छन् त्यहाँ? ४/५ ओटा निकाय त्यहाँ एयरपोर्टमा मात्रै बस्छन् । त्यसकारण यसका निकै ठुलो गम्भीर चाहिँ मतलब उपल्लोस्तरको संलग्न छ । त्यस भएर सरकार भाग्न खोजेको छ । हिजोको जस्तै गरेर चाहिँ मतलब भागेर यो पार पाउन, पार पाइनेवाला छैन । यसप्रति सबै गम्भीर बनौं, छानबिन गरौं । अब यस्तो खालको कहिले नगर्ने सङ्कल्प, त्यसै पनि संसद त खुलिराखेकै छ नि, हाम्रो कारणले बन्द भा'को हो र? तर थोपर्ने कस्तो भने सरकारमा बस्ने बदमासी आफूले गर्ने अनि दोष कसलाई लगाउने भन्दा दोष प्रतिपक्षलाई लगाउने, हाम्रो कारणले संसद रोक्किएको छ र? हामीले त खोलिनै राखेका छौं नि । गलत कुरालाई गलत भनौं । ठिक ठाउँमा मुलुकलाई पुऱ्याऔं । जनताको हितका निम्ति काम गरौं । त्यो कुरा भनिराख्या छौं हामीले । त्यो कुरा भन्दा भन्दै हामी कहाँनिर गतल भयौं? त्यसकारण संसद बन्द गर्ने कुनै मनासाय पनि छैन । संसद जनताको हितका निम्ति, जनताको पक्षमा काम गर्नको लागि चाहिँ हामीले उठाएका छौं । यो मुद्दामा हामी सहमति जनाऊँ ।

सत्ता लिप्सामा नजाऔं । किनभने हाम्रा मन्त्रीहरूले पनि हाम्रा पनि नेताहरू हिजो मन्त्री भा'काथ्ये । प्रश्न आउनासाथ राजिनामा गऱ्याथ्ये । आज यत्रो दिन भो' किन कसैले राजिनामा गर्दैन? अर्थमन्त्री जवाफदेही हुनुपर्दैन? आफैले लगेको DG ले किन त्यो बदमासी गऱ्यो? अर्थ सचिव आफैले लग्या, मन्त्री हुनासाथ परिवर्तन गऱ्या छ, किन चाहिँ मतलब अर्थमन्त्री जवाफदेही हुनुपर्दैन? त्यसकारण संलग्नता छ, यो आशङ्का भएरै यो कुरा माग गऱ्या हो । त्यही भएर चाहिँ हामीले मतलब ......(समय सकिएको ।)

**सम्माननीय अध्यक्षः**- माननीय अनिता देवकोटा ।

(१३:२४ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, आज नेपाल महिला संघको ७६ औं स्थापना दिवस, म यही गरिमामय सदनका माध्यमबाट लोकतन्त्रलाई बलियो बनाउन आजको दिनले हामी सबैलाई प्रेरणा दिओस् । स्वर्गीय मङ्गला देवी सिंहप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै ४६ औं स्थापना दिवस स्थापना दिवस नेपाल महिला संघको, म सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, सार्वभौमसम्पन्न संसद संसदीय प्रणालीमा साझा थलो हो । नागरिकका जनजीविकाका विषयहरू संसदका माध्यमबाट छलफल गर्न पाउनुपर्छ । सरकारलाई ध्यानाकर्षण गराउने, खबरदारी गर्ने प्रतिबद्ध गराउने काम संसदका माध्यमबाट हुनुपर्छ भन्ने मलाई लागेको छ । तर संसद अवरुद्ध हुँदा जनताको बोली अवरुद्ध हुन्छ । त्यसैले संसद अवरुद्ध गर्नु राम्रो कुरा होइन भन्ने मलाई लाग्छ । केही दिन यता संसद अवरुद्ध भएको छ । आफ्ना कुरा सुनाउने, अरूका कुरा संसदका माध्यमबाट सुन्ने प्रयास नगर्ने, यो राम्रो कुरा होइन भन्ने मलाई लाग्छ । केही कुरा उठ्यो भने संसदै ठप्प गर्ने, यो संस्कार, यो संस्कारको विकासले संसदीय प्रणालीलाई कता लग्दै छ? हामी कता जाँदै छौं? म प्रश्न गर्न चाहन्छु । सत्तामा भयो, संसद विघटन गर्ने । प्रतिपक्षमा भयो, सदन चल्नै नदिने अनि लोकतन्त्रको दिगो विकासका कुरा, लोकतन्त्रको परिभाषाका कुरा, अनि जोडतोडसँग वकालत गर्ने हामी ती संस्कारबाट अगाडि बढेका छौं । त्यसैले हरेक समस्याहरू आउँछन्, संसदका माध्यमबाट छलफल गर्नुपर्छ भन्ने मलाई लाग्दछ ।

अहिले त्रिभुवन विमानस्थलमा हङकङबाट सय किलो सुन, जुन ट्रान्जिट नेपाल भएर आयो, त्यो बरामद भएको छ । त्यो बरामद हुँदा अहिले यस्ता घटनाहरू हुन हुँदैन, यी घटनाहरू दुःखद हुन् । कुनै पनि भ्रष्टाचारको लिङ्ग, वर्ण, धर्म, जात हुँदैन । त्यसैले अपराधी

उम्कनुहुँदैन अनि निर्दोष फस्नुहुँदैन । यसबारेमा सबै सजग रहनुपर्छ । त्यस्तै संविधानले अख्तियार गरेका हाम्रा संरचनाहरू, हाम्रा संयन्त्रहरूमाथि हामी किन विश्वास गर्दैनौं? हामीले हाम्रा संयन्त्रमाथि किन भरपर्दो संयन्त्र निर्माण गर्नतिर लाग्दैनौं? हामी हाम्रा संयन्त्र, हाम्रा संरचनाहरूलाई किन जिम्मेवार बनाउन चाहँदैनौं? म प्रश्न गर्न चाहन्छु । सीआईबी केन्द्रीय अनुसन्धान ब्युरोले अनुसन्धान गरिरहेको छ, गृहमन्त्रीज्यूले हिजो प्रतिनिधि सभामा ३५ दिनभित्रमा यसको अनुसन्धानको प्रक्रिया पूरा गरेर आउँछ परिणाम भनेर भनिराखुभएको छ ।

अनि सीआईबीले जुन एसियाकै एउटा महत्त्वपूर्ण र एसियाले नै विश्वास गरेको सीआईबीले अनुसन्धान गरिरहँदा, उच्चस्तरीय संयन्त्र निर्माण गरेर अब छानबिन गर्नुपर्छ भनेर नेकपा एमाले प्रतिपक्षले जुन अनुसन्धानलाई निष्प्रभावी गर्न अनुसन्धानको पाटोलाई समाप्ति गर्ने खेल खेलेको छ । जुन बखेडा निकालेको छ, यो अत्यन्त दुर्भाग्यपूर्ण छ भन्ने मलाई लाग्छ । हिजोको इतिहासले हामीलाई देखाएकै छ । विभिन्न कालखण्डमा उच्चस्तरीय छानबिन समितिहरू निर्माण भएका थिए । ती उच्चस्तरीय छानबिन समितिले कस्तो रिजल्ट दिए भन्ने कुरा इतिहासले हामीलाई देखाउँछ । त्यसैले म विनम्रताका साथ अनुरोध गर्न चाहन्छु । हामीले संविधान निर्माण गर्‍यौं । संविधानले अख्तियार गरेको, संविधानमा व्यवस्था भएका राज्यका संयन्त्रहरू, राज्यका संरचनाहरूलाई भरपर्दो बनाऊँ, विश्वासिलो बनाऊँ जिम्मेवार बनाऊँ । त्यही सीआईबीका माध्यमबाट अनुसन्धान गरेर हरेक प्रक्रियाहरूलाई, हरेक यो भ्रष्टाचारहरूलाई निर्मूल गर्नतर्फ हामी लाग्नुपर्छ भन्ने मलाई लाग्छ । त्यसैले म निवेदन गर्न चाहन्छु ।

अहिले मुलुक बाढीपहिरोबाट आक्रान्त छ । बाढीपहिरोबाट हिजो मात्रै, गृहमन्त्रालयको स्रोतअनुसार १२ ठाउँमा सडक अवरुद्ध भएका छन्, पहिरो गएको छ, चार जना मृत्यु भएको छ, ७ जना बेपत्ता भएका छन् । हामीले यो कुराहरू, तिनका उद्धारको लागि, घाइतेलाई उपचारको लागि कुरा उठाउने संसद नेकपा एमालेका कारण अवरुद्ध छ । हामी कहाँ गएर कुरा उठाउने हो, सम्माननीय अध्यक्ष महोदय? त्यति मात्र होइन त्यति मात्र होइन डेङ्गुबाट ११ जनाको मृत्यु भैसक्यो, थुप्रै सङ्क्रमित छन् । सबै जिल्लाहरू प्रभावित छन् स्वास्थ्य मन्त्रालयले तीनै तहसँग समन्वय गरेर प्रभावकारी के कार्यक्रमहरू गर्दै छ? डेङ्गुका लार्भा, प्यूपाहरू नष्ट गर्ने, घर घरमा स्प्रे गर्ने, सचेतना जगाउने काम गर्‍यो कि गरेन भनेर सोध्ने थलो संसद अवरुद्ध छ सम्माननीय अध्यक्षज्यू ।

त्यति मात्रै होइन, आँखा पाकेको छ । स्कुलहरू बन्द छन् । स्थानीय तहले स्कुलहरू बन्द गरेका छन् । हस्पिटलहरूले एक हप्तामा आँखा पाक्ने रोग आफैं निको हुन्छ भनेर भनेको छ तर जनतालाई जानकारी छैन । त्यो विषयमा सचेतना गराउने समयमै औषधिहरू उपलब्ध

गराउने, स्थानीय तहहरूसँग, सबैसँग समन्वय गर्ने काम स्वास्थ्य मन्त्रालय किन बेखबर छ? भनेर सोध्ने संसद अवरुद्ध छ सम्माननीय अध्यक्षज्यू ।

त्यति मात्रै होइन lumpy skin ले पशुहरू, ५० हजार जति पशुहरू मरिसके । १० लाख प्रभावित छन् । १ लाख बढी सङ्क्रमित छन् । किसानहरूलाई अरबौंको क्षति भैरहेको छ । राहतका कुरा, महामारी घोषणा गरेर राहतका प्याकेजका कार्यक्रमहरू ल्याउन सरकारलाई संसदका माध्यमबाट आग्रह गर्ने थलो अवरुद्ध छ, सम्माननीय अध्यक्षज्यू । त्यसैले म विनम्रतासाथ अनुरोध गर्न चाहन्छु, यस्ता मानवीय कुराहरू, ठाउँ ठाउँमा पहिरो गएको छ, सडक सञ्जालहरू बिग्रिएका छन् । सुदूरपश्चिममा ७ ओटा जिल्ला जोड्ने भिमदत्त सडक क्षतिग्रस्त भएको छ । त्यहाँ यातायात ठप्प छ, सरकारलाई छिटोभन्दा छिटो सुचारु गर्नको लागि वैकल्पिक मार्गको व्यवस्थापन गर्नको लागि कुरा उठाउने संसद अवरुद्ध छ ।

त्यति मात्रै होइन, रोल्पाबाट दाङ आउँदै गरेको बस दुर्घटना भएर धेरै धनजनको क्षति भएको छ । सडक वर्षायाममा क्षतिग्रस्त हुने, समयमै मर्मत सम्भार नगर्ने भौतिक मन्त्रालयले के गरिरहेको छ? भनेर प्रश्न सोध्ने ठाउँ संसद अवरुद्ध छ । त्यति मात्र होइन सम्माननीय अध्यक्षज्यू, भारतबाट चामल निर्यात हुन छोडेको छ । महङ्गी आकासिएको छ, कालो बजारीहरू बढेको छ, जनता आक्रान्त छन् । समयमा सरकारलाई महङ्गी नियन्त्रण गर्न कालो बजारी नियन्त्रण गर्न सरकारलाई ध्यानाकर्षण गराउने संसद अवरुद्ध छ, मैले विनम्रताका साथ आग्रह गर्न चाहन्छु, प्रतिपक्ष सत्तापक्षले कुरा उठाउने ठाउँ संसद हो, संसदका माध्यमबाट हामीले कुरा उठाऔँ, सरकारलाई जवाफदेही बनाऔँ, सरकारलाई जिम्मेवार बनाऔँ भनेर म निवेदन गर्न चाहन्छु । त्यसै गरी थुप्रै विधेयकहरू छन् । हामी संविधान निर्माण गऱ्यौं । संविधानमा थुप्रै विधेयकहरू त्यहाँ बनाउन पर्ने विधेयकहरू छ । समयमै विधेयक ल्याऔँ । कानुन निर्माण गरौं भनेर सरकारलाई ध्यानाकर्षण गराउने संसद अवरुद्ध छ ।

तराईहरूमा सर्पदंशको अत्यन्त भयावह स्थिति छ, anti-venom भ्याक्सिन नहुँदा अहिले अकालमा मृत्यु भैरहेको छ । समयमै उपलब्ध गराउनुपर्छ भनेर स्वास्थ्य मन्त्रालयलाई ध्यानाकर्षण गराउने सदन अवरुद्ध छ । त्यसैले संसदका माध्यमबाट हरेक छलफलहरू गरौं, भ्रष्टाचारलाई नियन्त्रण गर्न, अनुसन्धानको पाटोहरूलाई प्रभावकारी बनाउन, यही सय किलो सुन, एक क्विन्टल सुन बरामद भयो, त्यसलाई अनुसन्धानको पाटो कसरी भैरहेको छ । राम्रोसँग भएको छ कि छैन? भन्ने कुरा संसदका माध्यमबाट हामीले कुरा उठाउनुपर्छ । संसदका माध्यमबाट छलफल गर्नुपर्छ । हामी उच्चस्तरीय छानबिनको कुरा गरेर, हामी अपराधीलाई उन्मुक्ति दिने र सरकारले गरिरहेको अनुसन्धानको पाटोलाई निष्प्रभावी बनाउने जुन काम अहिले

भैरहेको छ, यो किमार्थ स्वीकार्य छैन भनेर म आग्रह गर्न चाहन्छु । त्यसैले जनजीविकाका सवालहरू जनतालाई, नागरिकहरूलाई केन्द्रमा राखेर कुरा गर्ने संसद आज तीन हप्ता हुँदासम्म संसद अवरुद्ध छ । संसद अवरुद्ध गरेर सबै कुराको निकास हुन्छ सम्माननीय अध्यक्षज्यू? यही हो संसदीय प्रणालीमा? यही खोजेको हामीले संसदीय अभ्यास? यही खोजेको हो हामीले संघीय लोकतान्त्रिक गणतन्त्र, त्यसैले म सम्मानित सभाका माध्यमबाट प्रतिपक्षलाई आग्रह गर्न चाहन्छु संसदका माध्यमबाट सबै कुराको समाधान गरौं । संसद अनिर्णयको बन्दी बनाउनु हुँदैन । त्यसैले संसदलाई सुचारु गरौं । हाम्रा समस्याहरू, जनताका समस्याहरू संसदका माध्यमबाट राखौं भन्ने कुराहरू निवेदन गर्दै बिदा हुन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय जयन्ती देवी राई ।

(१३:३४ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, म सबभन्दा पहिला आज उनन्तिसौं विश्व आदिवासी दिवसको अवसरमा र छयालिसौं महिला दिवसको अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा हार्दिक हार्दिक शुभकामना बाँड्न चाहन्छु ।

र माननीयज्यूहरूले भन्नुभएजस्तै हामीलाई थाहा छ, लगातार हामीले ३ हप्ता भइसकेको छ संसद अवरुद्ध भ'को । आज संसद अवरुद्धले यो देशको सारा समस्याहरूलाई अझ बढी जटिलतातिर लगिरहेको छ । र म के आग्रह गर्न चाहन्छु भने हिजो जुन हामी परम्परा ढङ्गले हिजो गरिरहेका थियौं, आज पनि समस्याहरूको समाधान त्यही ढङ्गले चलाउनुपर्छ भन्ने मान्यतालाई हामीले बोक्नुहुँदैन । र हामीले यो संसद अवरुद्ध मात्रै आजको समस्याको विकल्प हो भन्ने कुरा गर्न हुँदैन भन्ने म चाहन्छु ।

र अहिलेको जुन सुन तस्करीको कुरा, आज मलाई लाग्छ प्रतिपक्ष दलमा रहनुभएका साथीहरूको मात्रै त्यो समस्या होइन । त्यो समस्या आज हामी सबैको समस्या हो र सबै दलको हो र सत्तापक्षको अझ बढी जिम्मेवारी हो । त्यसकारण आज अझै बढी सत्तापक्ष जिम्मेवारी हुनुपर्दछ, म भन्न चाहन्छु । र यो भ्रष्टाचार आज सबैभन्दा यो जनताको क्यान्सरको रूपमा, एउटा राष्ट्रको क्यान्सरको रूपमा, सबैको क्यान्सरको रूपमा रहेको यो क्यान्सरलाई हामीले सबै मिलेर शल्यक्रिया गर्नैपर्छ । यो आजको एकदमै जरुरी आवश्यकता हो ।

र उहाँहरूले उठाइरहनुभएको विषय म पूर्ण सहमत छु कि आज तस्करीहरू जुन ढङ्गले हामीले पत्ता लगाउन सकेका छैनौं । जहाँ त्यसका नाइकेहरूलाई हामीले अझै पनि पक्रन सकेका र कानुनी दायरामा ल्याउन सकेका छैनौं । र आज अझै पनि निमुखा, सानातिना मान्छेहरू आज सजायको भागीदार बनेको छ । तर के हामीले आज संसद अवरुद्ध गरेर उनीहरूलाई न्याय दिन सक्छौं? आज हामीले संसद अवरुद्ध गरेर त्यो अपराधीहरूलाई हामीले उनीहरूलाई सजाय दिलाउन सक्छौं? सकिँदैन । र यस कुरालाई पनि हामीले सहज ढङ्गले, छलफलको ढङ्गले, आज हामी सबै सहमतिको र छलफलमा ल्याएर, यो सबैको दायित्व हो नि त । कि आज भ्रष्टाचार उम्कन दिने चैं आज राज्यको त्यो दायित्व पर्छ भने आजै यो सरकारले राजीनामा दिँदा हुन्छ । तर मलाई लाग्छ, जब सबैभन्दा बढी हामीले यतिबेला चाहे त्यो भुटानी शरणार्थीको कुरा होस्, चाहे अरू थुप्रै थुप्रै भ्रष्टाचारका कुराहरूलाई उजागर गर्न अहिले यो सरकार सफल भएको छ । र यतिबेला यो सुन काण्ड पनि हिजो ३३ किलोदेखि लिएर अहिले क्विन्टलको क्विन्टलदेखि चैं पत्ता लाउने कुरा र यसलाई उजागर गर्ने कुरा यो सरकारले अहिले गरेको छ । यसलाई हामीले अन्यथा सोच्नुहुँदैन । र यसलाई गाली गर्नेभन्दा पनि धन्यवाद दिनुपर्दछ भन्ने म चाहन्छु । र जुन यसलाई अझै पनि खास अपराधीहरू हामीले पत्ता लाउन सकेको छैनौं । जब कि २  महिनामा २२-२३ पटक चैं यो यस्तो किसिमको तस्करी गर्ने, जुन यो देशमा अत्यन्तै गलत निर्मम यस्ता अपराधीहरू घटनाहरू घटेका छन् । आज एउटै मान्छे १५-२० चोटि चैं विदेश जान्छन् । तर आज त्यसको, यो सरकारको पालोमा मात्रै हो र त्यो? यो त पटकौं पटक भइरहेको छ नि । आज यो थाहा भ'का छौं, हामीले गरेका छौं, थाहा पाएका छौं ।

त्यसकारण जुन एउटा छानबिन प्रक्रियामा, अघि पनि माननीयज्यूले भन्नुभो' कि यसको चैं यो उच्च संयन्त्रबाट मात्रै एकदमै सफल हुन्छ भन्ने कुरामा मलाई चैं विश्वास छैन । किनभने आज मात्रै हामीले उच्च संयन्त्रको कुरा गरेका हौं र? उच्च संयन्त्र त हामीले बनाएर पनि, त्यसको व्यवहारमा हेरर पनि कतिवटा चैं यसले त्यस्ता किसिमका आपराधिक घटनाहरू पत्ता लगाएर अपराधीहरूलाई चैं आज जेलमा कोच्न सफल भएको छ? त्यो पनि हेरौं न । त्यसकारणले आज जुन हामीले बनाएको संयन्त्र, आज राज्यले बनाएको संयन्त्र छ, त्यो संयन्त्रप्रति हामीले विश्वास गर्दैनौं भने कि त हामीले त्यो संयन्त्रलाई खारेज गर्नुपर्यो, होइन भने त्यसलाई हामीले विश्वास पनि गर्नुपर्यो, उसलाई प्रभावकारी पनि बनाउनुपर्यो र बलियो पनि बनाउनुपर्यो, प्रभावकारी ढङ्गले चैं काम गर्न सक्ने वातावरण पनि सिर्जना गर्नुपर्यो नि । आज नेपालले हामीले मात्रै विश्वास गरेको होइन नि, जुन अहिलेको यो हाम्रो संयन्त्र छ, जुन राज्यले

बनाएको यो CIB र CIB जुन bureau, जसलाई चैं एसियाकै सबैभन्दा यो अनुसन्धानको विश्वसनीय भनेर आज विश्वास गरेको यो संयन्त्र हो । त्यसकारणले हुन सक्छ, यसले पनि हामीले सोचेजस्तो यदि अपराधीहरूलाई छुट्कारा दिन्छ भने हामी फेरि पनि अर्को संयन्त्र अपनाउनु तर कसैले पनि आज कुनै पनि बाहानामा आज छुट्कारा पाउने त्यो कसैले पनि छुट्कारा पाउने अवस्था हुँदैन र दिन हुँदैन । र हामी पनि त्यसको निम्ति अब सचेत बन्नुपर्दछ । र सबैले यो कुरालाई चैं एकदमै आज यो जुन विषयवस्तु छ, यसलाई हामीले बहुत गम्भीरताका साथ र जोडदारका साथ म सरकारको जुन हाम्रो सम्माननीय अध्यक्षमार्फत ध्यानाकर्षण गर्न चाहन्छु । चाँडोभन्दा चाँडो यसलाई चैं यो जुन नाइकेहरू छन्, यो नाइकेहरूलाई चैं कानुनी दायरामा ल्याउन पर्दछ भनेर ध्यानाकर्षण गराउन चाहन्छु ।

र अर्को कुरा भनेको जुन अहिले साह्रै धेरै समस्या पैदा भएको छ । मानवीय संवेदनशीलताका कुराहरू, मानवका स्वास्थ्यका कुराहरू मात्रै होइन, आज मान्छेहरूको ज्यान गएका मान्छेहरू जताततै मरेका स्थिति छ । र अहिले जुन यो देशभरि नै आएको बाढी, पहिरोको कारण देशभरि चैं कयौं मान्छेहरूको ज्यान गएको छ । र कयौंको, उनीहरूको चैं अब घाइते भएका छन् । र कयौंको सम्पत्ति र बेघरबार भएको स्थिति छ । र म आज यहीँ सम्मानित हाउसबाट उहाँहरू जुन मृतकप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै जुन क्षतिपूर्ति, जुन जनताहरूको क्षतिपूर्ति चैं राज्यले उचित क्षतिपूर्ति पनि गरोस् भन्ने म माग पनि गर्न चाहन्छु ।

र यसै सन्दर्भमा जुन सुदूरपश्चिम भीमदत्त जुन मार्ग थियो, जहाँ त्यहाँ चैं सुदूरपश्चिमको बुढीतोला, बुढीतोला भन्ने एउटा गाउँमा चैं भासियो । त्यो खोला भासिएपछि चैं त्यहाँका ७ वटा गाउँहरूले आवातजावत गर्न अहिले धेरै समस्या भएको छ । र उनीहरूको त्यो एक किसिमको सम्बन्ध टुट्ने स्थितिले गर्दा सारा घर व्यवहारहरूको कारणले अस्त व्यस्त स्थिति त्यहाँ देखिएको छ । त्यसकारणले यसलाई साबिकजस्तो सहजता पैदा गर्नको निम्ति म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

र त्यसै गरी मधेस/प्रदेशलगायत तराईका विभिन्न क्षेत्रहरूमा अहिले सुख्खाका कारणले अहिले त्यहाँ किसानहरूले, ६० प्रतिशत किसानहरूले खेत रोप्न पाइरहेको छैन । त्यसकारणले त्यो ठाउँहरूमा, त्यो क्षेत्रहरूमा, त्यो जिल्लाहरूमा चैं आज सरकारले सुख्खा क्षेत्रको घोषणा गरेर उचित त्यसको व्यवस्थापन गर्नको निम्ति पनि म सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु ।

र यसै गरी जुन भारतको उत्तराखण्ड जुन रुद्र पार्कमा गौरी कुण्डमा यो जुन पहिरोमा परी नेपालीहरूको धेरै ज्यान गएको छ र कयौं घाइते भएका छन् । त्यसमा पनि

नेपालीहरूलाई, घाइतेहरूलाई उद्धार गर्ने र मृतकहरूको परिवारलाई पनि क्षतिपूर्ति गर्ने गरी आफ्नो जहाँ मरे पनि, जहाँ जुन घटनामा घटे पनि नेपालीहरू हुन् । यसको पनि म सरकारलाई गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु ।

र यसै गरी यो देशमा देशैभरि अहिले देखा परेको जुन lumpy skin, यो पशुहरूको रोग छ, त्यसले चैं हजारौं हजार पशुहरूको मृत्यु, मृत्यु भ'को कारणले अहिले किसानहरूलाई ठुलो घाटा भएको छ । त्यसले गर्दाखेरि ती किसानहरूलाई, यो पहिलो कुरा त उनीहरूलाई उपचारको व्यवस्था गर्नुपर्यो । र किसानहरूलाई त्यसको उचित क्षतिपूर्ति गर्नुपर्यो । र त्यो रोगी भएको वस्तुहरूलाई, पशुहरूलाई उपचार गराउने दिशातर्फ सरकार उन्मुख हुनुपर्यो भनेर म माग गर्न चाहन्छु ।

र यसै गरी अहिले धेरैभन्दा धेरै, अहिले यो आँखा पाक्ने समस्या आ'को छ । जहाँ घर घर साथीहरू सबै फोन गर्दाखेरि म आँखा पाकेर म घर बसेको छु भन्ने जताततैबाट त्यस्तो सूचना आइरहेको छ । र त्यसमा आज स्वास्थ्य मन्त्रालयलाई चैं एकदमै बढी गम्भीरता हुनको निम्ति र यो डेङ्गु रोगबाट पनि मर्ने सङ्ख्या दिन प्रतिदिन अब पैदा भइरहेको छ । त्यसकारणले आज यो स्वास्थ्य मन्त्रालयप्रति पनि म एकदम ध्यानाकर्षण गर्न चाहन्छु ।

र यसै गरी अहिले जनताको तत्कालीन धेरैभन्दा धेरै चैं सरोकारसँग गाँसिएका कुराहरू छ । संघीयतालाई सबलीकरण गर्ने कुराहरू छ । यस्ता कुराहरूमा अहिले हामीले जुन तत्काल ल्याउन पर्ने विधेयकहरू छ, कानुन निर्माण गर्नुपर्ने कुराहरू छन् । .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मोहम्मद खालिद ।

(१३:४४ बजे) **<u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)</u>**ः- सम्माननीय अध्यक्षज्यू, केही अन्तरालपछि सम्माननीय अध्यक्षज्यूको पहल, सत्ता पक्षका र विपक्षका पनि नेताहरूको सकारात्मक प्रयासबाट हामी समसामायिक विषयमा केही कुरा सुन्न गइरहेछौं, सुनाउन गइरहेछौं । त्यसको लागि सम्बन्धित सबैलाई हामी, म आफ्नो तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, केही दिनअगाडि विशेष गरी तराईका जिल्लाहरूमा पानीको अभावले, पानी नपरेको कारणले गर्दा गर्मी एकदम ४० देखि ४४ डिग्रीसम्म पुग्या थियो । किसानहरू आकाशतिर आफ्नो आखाँ लागाइराख्या थियो, कहिले वर्षा हुन्छ भनेर । तर ३/४

दिनअगाडि मात्र सम्मको तथ्याङ्कले के भनिरहेको छ भने ४ लाख १ हजार ६ सय ५० हेक्टर कृषियोग्य जग्गामध्ये, खेतीमध्ये २ लाख ४ हजार, २ लाख ४२ हजार ५ सय ७ हेक्टर जग्गा मात्र खेती भएको छ । बाँकी ४५ वा ५० प्रतिशत जग्गामा अहिलेसम्म बालीको धानको रोपाइँ भएको छैन । कुनै कुनै जिल्लामा अवस्था यो छ कि २० प्रतिशत मात्र रोपाइँ भएको छ, रोपनी भएको छ । र यो ५० वा ५५ प्रतिशत जग्गा, जमिन जुन खेती जुन रोपाइँ भइसकेको छ । हाल विगत दुई दिनदेखि भइरहेको अविरल वर्षा र बाढीले गर्दा त्यो पनि नष्ट हुनेमा पुगेको छ । काठमाडौंको वरिपरिको अवस्था हामी हेर्दैछौं । देश अहिले एकदम विकराल र सङ्कटको अवस्थामा गुज्रिरहेको छ । कयौं जनाको ज्यान गएको छ, कयौं घाइते छन् र कयौं पानीले गर्दा, पानीले गर्दा भोलीको सूर्य हामी हेर्छौं कि हेर्दैनौं? भन्ने समाचार पनि हामीले अखबार माध्यबाट हामी पढ्या छौं ।

सम्माननीय अध्यक्षज्यू, एकातिर बाढी र सुख्खाको यो अवस्था छ । अर्कोतिर विशेष गरी तराईमा पानीको Layer, खानेपानीको Layer चाहिँ एकदम मुनि गइरहेको छ कि खतम भइरहेको छ । Hand Pipe ले पानी तान्न सकिरहेको छैन । मेसिनले पनि पानी तान्न सकिरहेको छैन, भन्दाखेरि पानीको मामलामा धनी मानिने हाम्रो नेपाल देश, हाम्रो देश केही वर्षपछि सायद हामी पिउने पानीको लागि पनि अप्ठ्यारोमा पर्ने वाला छौं, तराई जस्ता एरियामा । र यो हाम्रो गलत नीति र गलत Policy ले गर्दा भएको छ । यहाँसम्म हामी एक दिनमा पुग्या छैनौं । राज्यको गलत नीति र गलत कामले हामी यहाँसम्म पुग्या छौं । हाम्रो पार्टी, जनता समाजवादी पार्टी र त्यसका आदरणीय माननीय अध्यक्ष उपेन्द्र यावदजीले आजदेखि होइन, डेढ दशकदेखि उहाँ भन्दै आउनुभएको छ, राज्यसँग गुहार्दै आउनुभएको छ कि, यदि राम्रो व्यवस्था गरेन भने, जङ्गल कटान रोकिएन भने, चुरे उत्खनन् रोकिएन भने, राम्रो व्यवस्था भएन भने केही दशकपछि मधेसको उर्वर भूमि मरुभूमिमा परिणत हुने सम्भावना, प्रबल सम्भावना देखिरहेको छ । जुन भूमि कि पूरा सिङ्गो नेपाललाई खुवाउने क्षमता राख्थ्यो, आज त्यो भूमि मरुमूभिमा परिणत हुन गइरहेको छ । त्यतातिर म राज्यले एउटा राम्रो योजना तर्जुमा गरोस् र नेपालको यो सुनभन्दा दामी सम्पत्तिलाई हामीले कसरी जोगाउनुपर्छ भन्नेतिर हामी ध्यान दिऊँ भन्ने मेरो आग्रह छ ।

अरू सुन काण्डको कुरा धेरै आयो । मैले पनि उठाएको थिएँ, वास्तवमा यो समस्या, यो कुरो सत्ता पक्ष, विपक्ष, पक्ष, विपक्षको मात्र नभई यो राष्ट्रको समस्या हो । र यो समस्यालाई यही दृष्टिकोणले हामीहरूलाई हेर्नुपर्छ । हामीले २०७२ का संविधान स्वीकारिसकेका छौं । त्यसअन्तर्गत धेरै जसो निकायहरू, नियम, उपनियम, विधेयकहरू हामीले बनाइसक्या छौं । राज्य एउटा व्यवस्थापनको दिशातिर गइरहेको छ, सञ्चालन गइरहेको छ । त्यसले गर्दा हामीले

आफ्नो निकायहरूमाथि विश्वास गर्नुपर्छ । Central Investigation Bureau, मलाई लाग्छ, एउटा दक्ष, सक्षम र Capable निकाय छ, त्यसलाई काम गर्न दिनुपर्छ । उच्चस्तरीय आयोगले क्षमता, प्रशिक्षण, अनुभव नभएर कसरी समस्याको समाधान गर्छ? कसरी अनुसन्धान गर्छ? म बुझ्न सकिरहेको छैन । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुल प्रसाद विश्वकर्मा ।

(१३:५१ बजे) **मानननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- आज देशमा सबभन्दा बढी चर्चामा रहेको डेढ क्विन्टल सुन काण्ड, यसबारे निकै चर्चा छ । र यसैको विषयलाई लिएर केही दिन संसद अवरुद्ध पनि भयो । निश्चित रूपमा यस खालका भ्रष्टाचार र तस्करी देशको लागि अत्यन्त खराब कुरा हुन् र यसलाई रोक्नुपर्छ । भ्रष्टाचारलाई मात्रै नियन्त्रण गर्न सक्यौं भने देशको चाहिने अर्थतन्त्र र अन्य क्षेत्रमा सुधार गर्न सकिन्छ । र आज यो सुन काण्डको घटनाले हाम्रो देशको संयन्त्र प्रशासनमाथि प्रश्न उठेको छ । र एउटा विश्वस्तरमै राष्ट्रको जुन इज्जत र सम्मानमाथि धक्का लाग्ने काम भएको छ । त्यसैले यो सुन काण्डमा सरकारले जुन तदारुकता देखाएर, यो पक्रिने काम गर्‍यो, त्यो सराहनीय छ । र यसको अनुसन्धानको विषय पनि अगाडि बढिसकेको कुरा हामी सबैलाई जगजाहेर छ । सीबीआईले यसको अनुसन्धान गरेको छ र सीबीआईको अनुसन्धानलाई शङ्का गरेर होला सायद प्रमुख प्रतिपक्षीहरूले यहाँ पटक पटक अवरोध सिर्जना गर्ने काम भयो । निश्चित रूपमा त्यो अवरोध गरेर हामी टुङ्गोमा पुगिन्नँ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । किनभन्दा एउटा सरकारी निकाय, सरकारी संयन्त्रलाई निष्पक्ष रूपमा छानबिन गर्न दिनुपर्छ र यसमाथि हामीले विश्वास गर्नुपर्छ । त्यसबाट पार लागेन भने हामी अगाडि बढ्ने कुरा छँदै छ । उच्चस्तरीय आयोग बनाउने हो कि, उच्चस्तरीय छानबिन समिति बनाउने हो कि, त्यतातिर चैं नलागौंला । तर यसलाई आधार बनाएर जनताका दैनिक सरोकारका विषयहरूमा विचार विमर्श गर्ने, विधेयकहरू, ऐनहरू पास गर्ने, ल्याउने, छलफल गर्ने ठाउँलाई अवरोध गर्दाखेरि जनताको समस्यामाथि आघात पुग्न गएको छ । त्यसैले अहिले ढिलो भए पनि प्रमुख प्रतिपक्षीहरू सहमतमा आएर यो सदन चल्न दिएकोमा वहाँहरूलाई म पनि धन्यवाद दिन्छु । र आर्को कुरा यहाँहरूले मात्र होइन, हामीले सम्पूर्ण जनताले शङ्का गर्ने ठाउँ छ । कतै सीआईबीले केही गडबडी त गर्दैन? त्यो कुरो सबैको सरोकारको विषय हो । तर एउटा संस्थाले, एउटा निकायले काम गरिरहेको अवस्थामा त्यसलाई बिचमा रोकेर फेरि आर्को संस्थाको माग गर्ने त्यति उचित हुँदैन भन्ने म ठान्दछु ।

त्यसै गरी केही दिनअगाडि बझाङमा एक जना दलितको घर फाल्ने काम भएको छ, उच्च जातिबाट । ब्राह्मणहरूको गाउँको नजिक उच्च जातिहरूको गाउँको नजिकमा उसले आफ्नो जग्गामा जुन घर बनाएका थिए । त्यो घरलाई भत्काउने काम भएको छ । दलितले हामीहरूको बस्तीको नजिक घर बनायो भनेर घर मात्रै भत्काइएन, त्यहाँ उनको बालीनाली पनि नष्ट गरियो । यस खालको दलितमाथिका उत्पीडनहरू दिन प्रतिदिन अझै चाहिँ उच्चस्तरमा अझै जघन्य किसिमले, यो दैनिक रूपले बढ्दै गैरहेको छ । यसरी दलितहरूमाथि गरिएको यो अत्याचारले के देखाउँछ भने यो राज्य, हामीले आफैंलाई प्रजातन्त्रवादी भन्छौं, आफैंलाई हामी जनवादी भन्छौं, हामी सत्तामा छौं । तर हिजोभन्दा आज दलितमाथि अत्याचार बढ्दै छ । यो के सोच्ने विषय होइन? के हामीले यसलाई सोच्नुपर्दैन? सरकारले यसको नियन्त्रणको लागि हामीले कुनै कदम चाल्नुपर्दैन? त्यसैले यदि यो समाजमा, हाम्रो समाजमा निश्चित अन्तरविरोधहरू छन् । सक्नेले नसक्नेलाई यस्तै हेप्दै जाने हो, यस्तै दबाउँदै जाने हो भने निश्चित रूपमा एक दिन त्यो विस्फोट हुन सक्छ । त्यसैले यो हाम्रो यो जुन चाहिँ राज्य छ, जुन गणतन्त्र भनेर भन्छौं हामीले । यो गणतन्त्रात्मक राज्यमा पनि यस खालको उत्पीडन..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१३:५६ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, धेरै समयपछि आज बोल्न पाइया छ, खुसी लाग्या छ । दुई/तीनटा कुरा गर्छु यो विषयमा । सबभन्दा पहिलो कुरो मुलुक चैं बदनाम भयो, चाहे नक्कली भुटानी शरणार्थीको नाममा होस्, चाहे सुन तस्करको नाममा होस् । र विशेष गरी यसमा हामी अब पटक पटक यो विषयमा संसद बन्द पनि गर्‍या छौं, अवरुद्ध गर्‍या छौं, संसद चल्न द्या छैनौं । र विपक्ष माननीयज्यूहरूले एउटा उच्चस्तरीय छानबिन आयोग बनाउनुपर्यो विशेष गरेर सुन तस्करको सम्बन्धमा भन्नुभा' छ । मैले त्यहाँ उहाँहरूको त्यो भनाइलाई समर्थन गर्दै त्यो सुन तस्कर मात्रै होइन कि नक्कली भुटानी शरणार्थीको सम्बन्धमा पनि एउटा छानबिन चाहियो । तर त्यो छानबिन चैं कस्तो हुनुपर्यो भने त्यो उच्चस्तरीयभन्दा पनि संसदीय छानबिन समिति बनाए पनि हुन्छ । र हामीले के बुझ्नुपर्यो भने राज्यका तीनटा अङ्गहरू छन्: कार्यपालिका, व्यवस्थापिका, जुन न्यायपालिका तीनटा अङ्ग छन्, त्यो तीनटा अङ्गहरू प्रतिस्पर्धी होइनन्, एकआपसमा सहयोगी हुन्, परिपूरक पनि हुन् । त्यसकारण हामीले के बुझ्न पर्यो भने हामीले, संसदले एउटा छानबिन समिति बनाइसकेपछि त्यो सरकारले, त्यो कार्यपालिकाले आफ्नो तरिकाले छानबिन गरिरा' छ ।

प्रहरीको जुन अनुसन्धान भइरा' छ, त्यो ठिक छ । आफ्नो तरिकामा राम्रो पनि गरिरा' छ तर संसदले पनि गरिसकेपछि त्यो दिने सरकारलाई नै हो । त्यसले गर्दाखेरि यो सत्तापक्ष, यो विषयबाट भाग्नुपर्छ जस्तो मलाई लाग्दैन । यो विषय जायज पनि छ, छानबिन समिति बनाउनुपर्छ । एउटा कुरा यो ।

दोस्रो कुरो हामीले यो पटक पटक संसद यो बन्द गऱ्या छौं, अवरुद्ध गऱ्या छौं । कहिलेकाहीँ मलाई के लाग्छ भने प्रतिनिधि सभामा भागबन्डा मिल्दैन अनि त्यसको सिकार चैं राष्ट्रिय सभा भा' छ । कहिलेकाहीँ प्रतिनिधि सभामा सभामुखको कुरा, कुनै विषयमा त्यहाँ विवाद हुन्छ अनि राष्ट्रिय सभाको खाँबो चिथोर्ने काम हुन्छ । यो काम पनि नहोस् । त्यसकारण हाम्रो सार्वभौमसत्तासम्पन्न नेपालीको जुन प्रयोग गर्ने थलो भनेको संसद हो । र त्यसको भूमिका हामीले निर्वाह गर्नुपर्छ । विशेष गरी राष्ट्रिय सभा भनेको त मैले पटक पटक भन्ने पनि गरेको छु, यो Council of Sub-National Government, Council of Sub-Central Government, Council of Sub-Federal Government भन्ने गरेको छु । त्यो भनेको के हो भने प्रदेश र स्थानीय तहका पदाधिकारीले हामीलाई भोट हालेर जिताउनुभएको, हामीले उहाँहरूको voice बोल्ने हो । सँगसँगै हामीले त तल सिधैं नागरिकको voice पनि बोल्नु छ, हामी त जनप्रतिनिधिको पनि जनप्रतिनिधि हो । त्यसकारण हामीले अहिले हेर्नुस् न यो संसदमा अहिले बजेटको छलफल राम्रोसँग गर्न पाएनौं । दुई दिनमा हामीले फटाफट धेरै छलफल गर्नुपर्यो । र सबै विषय सबै मन्त्रालयमा बोल्दाखेरि पनि खिमलालले धेरै बोल्यो भनेर सत्तापक्ष कि विपक्ष गएर, सम्माननीयज्यूलाई गएर कुरा लाउने काम पनि भयो । त्यसकारण तपाईंहरू बोल्ने, बोल्न पनि संसद अवरुद्ध पनि गर्नुहुन्छ, बोल्न पनि दिनुहुँदैन, बोल्न थाल्यो भने त्यसकारण यो काम पनि बन्द गर्नुस् । यो कुरा गरें ।

र विशेष गरी मैले सम्माननीय अध्यक्षज्यू, मैले यो हामीले राष्ट्रिय सभाको सन्दर्भमा तीनटा कुरा नागरिकस्तरमा एउटा के प्रश्न आ'को छ, नागरिकले के question गरेका छन् भने अब जिल्ला सभा, प्रदेश सभा र राष्ट्रिय सभा किन चाहियो भन्ने कुराहरू पनि त्यो बहस सुरु भा'को छ । र विशेष गरी हामी राष्ट्रिय सभा जुन हामी माननीयहरू छौं, हामीले हाम्रो राष्ट्रिय सभाको भूमिकाको प्रदर्शन गर्ने, भूमिका देखाउने काम हाम्रो पनि हो । र यो कतिपय यो राष्ट्रिय लज्जा पनि भयो भन्ने कुराहरू भा'को छ । एक जना प्रतिनिधि सभाको एक जना माननीयज्यूले एउटा पार्टीको दलको नेतै हुनुहुन्छ । राष्ट्रिय सभा चाहिँदैन भनेर भाषण पनि गर्नुभो' । अघि भर्खरै मैले उहाँसँग बसेर पनि कुरा गरें । तपाईंले राष्ट्रिय सभाको भूमिका बारेमा हेर्नुभा' छ? कुनै बेला जनताको भिडले प्रतिनिधि सभामा कुनै पार्टीको बहुमत भयो भने त्यो बहुमतको दम्भले

प्रतिनिधि सभा विघटन होला अथवा सङ्कटकाल लाग्ला, त्यो बेलामा बचाउने भनेको राष्ट्रिय सभाले बचाउँछ । हेर्नुभा' छ माननीयज्यूले? भन्दाखेरि मैले हेर्या छैन, यो मेरो आँखा खोल्दिनुभो' भन्नुभयो । त्यसकारण हामीले राष्ट्रिय सभाको भूमिका आफ्नो ठाउँमा ठुलो गरिमा छ । संसारभरि जुनसुकै देशहरूमा पनि तल्लो हाउस र माथिल्लो हाउस हुन्छ । त्यसकारण हामीले यो भूमिका निर्वाह गर्न सक्नुपर्छ । यो पाटो छ ।

अर्को कुराहरू यहाँ कतिपय राम्रा कुराहरू बहस पनि भा' छन् । जस्तो हामीले यो राष्ट्रिय सभा समयमै सुरु हुन्छ भन्ने एकदमै positive सन्देश गा' छ, यो एकदम सन्देश गा' छ । सँगसँगै मैले दुई/तीनटा, यो विषयमा अर्को दुई/तीनटा कुराहरू पनि अनुरोध गर्न चाहन्छु, सम्माननीय अध्यक्षज्यू । जस्तो अहिले सम्माननीय अध्यक्षज्यूले मलाई कति समय दिनुभा' छ? ५ मिनेट दिनुभा' छ कि जस्तो माननीयज्यूहरूलाई कति दिनु भा' छ, त्यो समय पनि display होस् यहाँ । यहाँ मेरो ५ मिनेट हो, १० मिनेट हो भने त्यो मिनेट राख्दिऊँ अनि त्यो second को आधारमा घट्दै घट्दै आएर शून्यमा झरोस् अनि म बस्छु । अनि समय सिद्धियो पनि भन्नुपरेन । त्यसले गर्दा यहाँ पक्ष विपक्ष पनि भएन । कसैलाई काखा पाखा पनि भएन । यो मोडल पनि सुरु गरौं, सम्माननीय अध्यक्ष । पहिलो कुरा यो ।

दोस्रो कुराः हामीले एउटा calendar पनि बनाउनुपर्यो । संसदको एउटा calendar बनाउनुपर्यो । यो मेरो प्रश्न सम्माननीय अध्यक्षज्यू । र ..... र प्रतिनिधि सभाको सम्माननीय सभामुखज्यूलाई पनि हो । सम्माननीय अध्यक्षज्यू र प्रतिनिधि सभाको सम्माननीय सभामुखज्यू बसेर र सबै दल बसेर तपाईंहरूले एउटा वार्षिक calendar बनाउनुपर्यो संसदको । र यो हामी आ'का छौं, ग'का छौं, कहिले पनि calendar, त्यसकारण तपाईंहरूले बसेर calendar बनाइदिनुभो' भने सरकार त्यो calendar मा हिँड्न बाध्य पनि हुन्छ । त्यसकारण यो calendar मा पनि बनाउन मैले अनुरोध गर्छु । दोस्रो कुरा ।

तेस्रो कुराः र यो संसदको एउटा आफ्नो domain पनि चाहयो, सम्माननीय अध्यक्षज्यू । मैले अरू देशको यो parliament को यो website हेरें, त्यो website हेरें । हाम्रोमा website के छ www अनि parliament.gov.np भन्या छ । सिधै .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय बामदेव गौतम ।

(१४:०१ बजे) **<u>माननीय श्री बामदेव गौतम (मनोनीत)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मैले ज्वलन्त रूपमा उठिरहेको विषयमा आफूलाई आफ्नो ध्यान केन्द्रित गर्न चाहन्छु । अहिले सरकारले भइरहेका काण्डहरू धेरै माननीयज्यूहरूले बताउनु पनि भा'को छ । त्यसको भण्डाफोर भ'को छ । यसले दुई ओटा सन्देश दिइएको छ । एउटा सकारात्मक छ । एउटा नकारात्मक छ । सकारात्मक यो छ कि यस्ता यस्ता काण्डहरू छन् जो सरकारले नियन्त्रणमा ल्याएको छ, छानबिन गर्दैछ र यसलाई अन्त्य गर्नको निम्ति निकै प्रयत्न गरिराखेको छ ।

अर्को नकारात्मक के छ भनेदेखि यस्तो यस्तो हुँदो रहेछ । नेपाल संसारकै तस्करहरूले खुसियाली मनाउने देश हो भन्ने यस्तो सन्देश पनि गा'छ । यस्तो अवस्थामा हामीले अत्यन्त चनाखो भएर घटना, जे जे घटनाहरू घट्या छन्, यिनलाई तर्कयुक्त निष्कर्षमा नपुऱ्याइकन सुखै छैन । जुनसुकै कारणले होस्, त्यो ठाउँमा पुग्नै पर्छ, त्यो ठाउँमा हामी पुऱ्याएरै छोड्छौं । सरकारले भनेको छ, जनताले भनेका छन्, हामी यहाँबाट पनि भनिरहेका छौं, यो ठाउँलाई अन्तिम निष्कर्षमा पुऱ्याउनुपर्छ । र अहिले भएको सबै स्थितिलाई हेर्दाखेरि सङ्गठित अपराध हो, यो तीन ओटै क्षेत्रमा सङ्गठित अपराध हो भनेर भन्ने ठाउँमा पुग्छ । त्यो नक्कली भुटानी शरणार्थी होस् वा ललिता निवास काण्ड होस्, चाहे अहिले भण्डाफोर भएको सुन काण्ड होस्, यो सबै सङ्गठित अपराधसित सम्बन्धित छ । यो सुन काण्ड त सिधै देखिएको छ । त्यो चीनसँग सम्बन्धित छ, भारतसित सम्बन्धित छ, नेपालसित सम्बन्धित छ । अन्तिममा गएर ती ती ठाउँमा पुग्नै पर्छ । त्यस भएर ज्यादै ज्यादै महत्त्वपूर्ण विषय हो जो जसले एउटा नयाँ चाहिँ युग सुरूवात गर्न सक्छ । कसरी तस्करी अन्त्य गर्ने र नेपाल बदनाम हुने ठाउँबाट जोगाउने भनेर भन्ने ठाउँमा पनि पुग्न सक्छौं । त्यो स्थिति मैले देखिरहेको छु ।

यस्तो अवस्थामा छानबिनको काम भइराख्या छ । र अहिले उच्चस्तरीय छानबिन आयोग बनाउने फेरि प्रस्ताव आएको छ । र त्यसमा प्रधानमन्त्री संलग्न हुनुहुन्छ, अर्थमन्त्री संलग्न हुनुहुन्छ र गृहमन्त्री पनि संलग्न हुनुहुन्छ, त्यसकारण त्यो उच्चस्तरीय छानबिन आयोग बन्न पर्छ भनेर यही पनि माननीयज्यूहरूले बोल्नुभो' र हिजो प्रतिनिधि सभामा पनि कतिपय माननीयज्यूहरूले बोल्नुभो' । प्रतिपक्षका माननीयज्यूहरूलाई होला, उहाँहरूले त्यो बोल्नुभा' छ । र त्यो उच्चस्तरीय छानबिन समितिमा, मैले जानेको है, किन त्यसलाई निर्माण गर्दा बित्तिकै त्यसको कार्यादिश हुन्छ, कार्यक्षेत्र हुन्छ, कहाँसम्म प्रवेश गर्ने भन्ने हुन्छ । त्यहाँ प्रधानमन्त्रीसम्म प्रवेश गर्छ, अर्थमन्त्रीसम्म पनि प्रवेश गर्छ, गृहमन्त्रीसँग पनि प्रवेश गर्न पाउने अधिकार त्यसले माग्दछ । यसको मतलब त्यो निलम्बन गर्ने व्यवस्था त छैन हाम्रोमा । प्रधानमन्त्रीले राजीनामा गर्नुपर्छ, राजीनामा गरेपछि अब अर्को प्रधानमन्त्री नियुक्त गर्ने, मनोनयन

गर्ने, निर्वाचित गर्ने प्रक्रिया सुरू हुन्छ, जसले यो छानबिन ओझेलमा पारिदिन्छ । त्यसले कामै गर्न सक्ने स्थिति उत्पन हुँदैन । जब तिनै विषयहरू चाहिँ आइरा'छन् भनेर भने यो विषय, आज उठिरहेको यो विषय जो चाहिँ छानबिन भएर अगाडि बढिराखेको छ । यसलाई झन् अवरोध सृजना गर्ने गरी यो अगाडि जान्छ । यो सिधै अगाडि गए हुन्छ । यदि त्यसरी प्रधानमन्त्रीलाई हटाउने हो भनेदेखि त अविश्वासको प्रस्ताव लगे भइहाल्यो, होइन त्यहाँ लगेर जबसम्म प्रधानमन्त्री, अर्थमन्त्री र गृहमन्त्रीमाथि छानबिन हुँदैन तबसम्म यो अगाडि जान सक्दैन भन्ने किसिमले कुरा उठाउनु हो भने त त्यताबाट पनि उनीहरूलाई नै हटाउने कुरा भो', यतातिरबाट पनि तिनिहरूलाई नै अहिले भर्खरै चाहिँ हटाउनुपर्ने स्थिति आयो ।

र मेरो विचारमा यदि प्रधानमन्त्रीलाई नै हटाउनुपर्ने स्थिति हो भने पनि यो छानबिनलाई उच्चस्तरमा लैजानुहोस् । गृहमन्त्रीले हिजो ३५ दिनको समय माग्नुभा'छ । ३५ दिनपछि चित्त नबुझ्ने भएपछि यसरी जाऔँ भनेर भन्ने छ । यदि भएन भने छानबिन समिति, उच्चस्तरीय छानबिन समिति भन्ने आउँछ, त्यसमा यदि सहमति गर्न सकियो । पहिले नै प्रधानमन्त्रीसम्म छानबिन हुन सक्छ भन्दा वित्तिकै प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ, तर त्यसबाट जोगिएर त्यो ठाउँमा नपुग्ने गरी पछि पत्ता लागेर दोषी ठहर भएपछि त छोड्नै भएन । अहिले भर्खरै त्यो शङ्का लाग्दावित्तिकै प्रधानमन्त्रीसम्म पनि पुग्ने भन्दावित्तिकै राजीनामा दिनुपर्छ । त्यो स्थिति नल्याउने गरी त्यस बेला चाहिँ बनाउनु उपयुक्त हुन्छ । मैले हेर्दाखेरि .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय विमला राई पौडयाल ।

**(१४:०६ बजे) <u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज धेरै दिनपछि संसदमा कुरा राख्न पाइएको छ अध्यक्षज्यू । धेरै कुराहरू आई नै सकेको छ, दोहोर्‍याउन पनि उपयुक्त नहोला । खालि दुई तीनटा कुरा मलाई लागेको यहाँ प्रष्ट गर्न चाहन्छु ।

एउटा चाहिँ के छ भने हामीले, हाम्रो एयरपोर्टमा जे जति संस्थाहरू सम्बद्ध हुनुहुन्छ । अध्यागमन छ, राजस्व छ अनि भन्सार छ, त्यो सबैलाई छल्दै छल्दै यसपालि चाहिँ तेत्रो ठुलो सुन बाहिर आइसकेको छ । कहिले काहीँ हामी देख्छौं, हामी आफैंले लगाएको सिक्री पनि देखाउनुपर्ने हुन्छ त्यहाँ । अथवा कसैले चाहिँ आमालाई, श्रीमतीलाई, छोरीहरूलाई, ज्वाइँहरूलाई ल्याइदेको सिक्री पनि पक्राउ परेको हामीले देख्छौं, सुन्छौं । कहिले काहीँ चाहिँ अब क्विन्टलका सुन पनि देखिँदैन । यस्तो किन भयो होला, मलाई के लाग्छ भनेदेखि त्यहाँ

हाम्रो भएका संस्थाहरू कमजोर होइनन्, तर सेटिङले काम गर्छ । त्यसले गर्दा साना साना कुराहरू बलिया संस्थाले पकड्छन्, ठुला ठुला कुराहरू बलिया संस्थाले पकड्नै सक्दैनन् । किनभने त्यो सेटिङले काम गर्छ । त्यसले गर्दाखेरि शङ्काको ठाउँ, त्यो सेटिङबाट आ'को हो कि जस्तो मलाई लाग्छ, प्रतिपक्षले पनि त्यही कुरा उठाएको जस्तो मैले बुझ्छु ।

अब अहिले आइरहेको छ, अनुसन्धानलाई सहयोग गरौं र अनुसन्धानलाई विश्वास गरौं । हो, नेपालमा जेजस्ता अहिले हामीले अनुसन्धान गर्ने निकायहरूका कुरा गरिराखेका छौं । हिजो अस्ति राजस्वको, त्यसपछि सीआईबीको, अब अहिले प्रहरीसम्म पनि आइसक्या छ । यो अनुसन्धान गर्ने निकायहरू पनि दक्ष छन्, बलिया छन् । त्यसमा शङ्का होइन, शङ्का के हो भने अघि मैले भनें, एयरपोर्टमा पनि संस्था बलियाहरू हुन् तिनमा शङ्का होइन तर सेटिङले गर्दाखेरि पकड्न सक्दैनन् । त्यस्तै गरिकन अनुसन्धानमा पनि संस्थाहरूमा शङ्का होइन तर ती संस्थाहरू कसको मातहतमा छन् भन्दा हामीले यसलाई यो यो सेटिङमा involve छन् भनेर जसलाई शङ्का गरिराख्या छौं, तिनै निकायहरूको मातहतमा छ । जस्तोः तपाईं राजस्वको कुरा गरौं अथवा चाहिँ हाम्रो अहिले सीआईबीले जुन अनुसन्धान गर्दै छ, सीआईबी आफैंमा बहुत दक्ष छ । तर काम गरिराखेको छ, त्यो मन्त्रालयबाट जसलाई हामीले शङ्का गर्दै छौं । जसको नेतृत्वमा हामीले शङ्का गरेका छौं । त्यसले गर्दाखेरि यो अलिकति उच्चस्तरीय छानबिन भयो भनेदेखि सीआईबीकै सहयोगमा होला, प्रहरीकै सहयोगमा होला अनुसन्धान गर्ने त । तर त्यो निकायले छायामा पार्दैन कि अनुसन्धान भन्ने चाहिँ argument हो जस्तो मलाई लाग्छ । त्यसले गर्दाखेरि उच्चस्तरीय आयोग गठन गरेर यदि त्यो समिति अथवा आयोग हामी के भन्छौं । त्यसले सीआईबी, प्रहरी, राजस्व जे जे हाम्रा अनुसन्धानका निकायहरू छन् । उनीहरूलाई नै साथमा लिएर अनुसन्धान गर्दाखेरि त्यसले बढी प्रभावकारी र त्यो छत्रछाया, जुन मन्त्रालयको छत्रछायामा वहाँहरूले काम गरिरह्नुभएको छ । जुन घेरा पार गर्न वहाँहरूलाई गाह्रो हुन्छ, अनुसन्धानमा त्यो घेरा पार गर्न सहज हुन्थ्यो र यो कुराको टुङ्गो लाग्थ्यो कि भन्ने argument हो । र त्यो argument सही छ जस्तो मलाई लाग्छ ।

अब, सरकारको काम सदनको हिसाबले हेर्दाखेरि एउटा त सदनलाई बिजनेस दिन पर्‍यो उपयुक्त रूपमा । अर्को सदनमा यदि कुनै माग हुन्छ प्रतिपक्षको र सदन अवरुद्ध हुन्छ भनेदेखि त्यो प्रतिपक्षसँग बसेर, कुरा सुनेर, माग सम्बोधन गरेर, सदनलाई अगाडि बढ्न दिनुपर्‍यो त्यही हो सरकारको कर्तव्य जस्तो मलाई लाग्छ । अहिले मैले के देखिराखेको छु, मलाई डर पनि त्यसमा के छ भने यति धेरै जनजीविकाका सवालहरू छन्, थुप्रै कुराहरू छन्, हामीले उठाउनुपर्ने, सम्बोधन गर्नुपर्ने र सरकारले पनि सम्बोधन गर्नुपर्ने । तर सरकारलाई हाइ सन्चो

के हुँदो रहेछ भने सदन बन्द भयो भन्यो अनि प्रतिपक्षसँग चाहिँ वार्ता गरेर यसलाई सम्बोधन गर्ने खालको mechanism, विश्वासमा लिने खालको, अनुसन्धानमा विश्वासलाई लिने खालको mechanism मा बढी खर्च गर्ने भन्दा बरु सम्बोधन नै गर्नुपर्दैन यी जल्दाबल्दा विषयहरूलाई, सधैँभरि संसद बन्द भैदिए हुन्थ्यो भन्ने पो सोच्या हो कि जस्तो मलाई लाग्छ । त्यही भएर त्यो पनि खराब हो, हामीले अनुसन्धानलाई विश्वास दिलाउन सक्नुपर्‍यो यदि प्रतिपक्ष विश्वास लिन सक्दैन, विश्वासमा आउन सकिरहेको छैन भनेदेखि सेटिङ छ भनेर विश्वासमा आउन सकिराखेको छैन भनेदेखि उच्चस्तरीय आयोग गठन गरेर विश्वासमा आउँछ भने त्यो पनि गर्नुपर्‍यो । के घाटा छ, त्यसले गर्दा? त्यो भएर सरकार पनि अलि संवेदनशील हुनुपर्छ जस्तो चाहिँ मलाई लाग्छ । थुप्रै कानुनहरू बन्न बाँकी छन् । दुइटा कानुन संघीय शिक्षा ऐन र संघीय कृषि ऐनको कुरा हामीले सुनिराखेका छौं, मैले मस्यौदा । सरोकारवालाहरूसँग छलफल नगरिकन ती कानुनहरू संसदमा आउँदै छन् भन्ने सुनेका छौं । यो विषयमा पनि म अहिले नै खबरदारी गर्न चाहन्छु । सरकार संवेदनशील बनोस्, सरोकारवालाहरूलाई पनि साथमा लिएर कानुन मस्यौदा गर्दै गरोस् । र प्रतिपक्षसँग बसेर यो उच्चस्तरीय आयोग गठन गरेर यो सुनको तस्करीको काण्डलाई जरैदेखि पहिल्याउनको लागि पनि मद्दत रहोस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, समसामायिक विषयमा माननीयहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरणसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

(प्रमुख प्रतिपक्ष दलका माननीयहरू टेबुल ठोकेर आआफ्नो आसनअगाडि उभिनुभएको) ।

माननीय सदस्यहरू, माननीय विमला घिमिरे । एकदम सङ्क्षेपमा, बोल्ने समय सबैले मौका पाइसक्नुभा'छ । के कुरा रह्यो? सङ्क्षेपमा मात्रै राख्नुहोस् ।

(१४:१२ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, वर्षातको समयमा बाढी, पहिरोले देशका विभिन्न स्थानहरूमा बस्ती उजाड बनाइरहेको छ । डुवानमा परेर थुप्रै धनजनको क्षति भइरहेको छ । यो सदनले देखिरहेको छ, यो यहाँ सत्ता पक्षले मात्रै होइन यो प्रतिपक्षले पनि देखिरहेको छ । हामीलाई अत्यन्तै दुःख लागिरहेको

छ । तर सरकार सुनको बाढी बगाउन एयरपोर्टतिर केन्द्रित हुन्छ । त्यो सुनको बाढीले को कोलाई बगाउने हो थाहा छैन । त्यसैले हामीले केही समयदेखि यो संसद अवरूद्ध छ । यो प्रतिपक्षले गरेको नभएर सत्तापक्षले नै अवरूद्ध गरेको हो । म सरकारलाई प्रश्न गर्न चाहन्छु । के सरकारले प्रतिपक्षले संसदमा उठाएका कुराहरूलाई सम्बोधन गर्नुपर्दैन? के यो संसदको अपमान भएको छैन? यहाँ कुरा उठाउन पाइएन भनेर थुप्रै माननीयहरूले दुःख व्यक्त गर्नुभो', दुःख हामीलाई पनि लागेको छ । हामी प्रतिपक्षमा बसेका छौं । के यो सुन तस्करी काण्ड जनताको सरोकारको विषय होइन? जनताको सरोकारको विषयकै निम्ति हामी यहाँ उठिरहेका छौं र बोलिरहेका छौं । त्यसैले सुन तस्करी कसरी भयो? कसरी त्यो सुन पक्राउ पऱ्यो? धेरै विषयवस्तुहरू यहाँ आइसकेका छन्, धेरै पटक ती कुराहरू गरिसकिएको छ । त्यसैले म धेरै त्यतापटि नगइकन उच्चस्तरीय छानबिन समिति गठन गर्नलाई सरकार कि भागिरहेको छ? यो त जनताले हेरिरहेका छन्, जनताले सुनिरहेका छन् । थुप्रै समस्याहरूका बाबजुद हामीले यो मुख्य समस्या अहिले सिङ्गो राष्ट्र र राष्ट्रियतासित जोडिएको समस्या हो । यो कुनै एउटा व्यक्ति, पक्ष वा प्रतिपक्षसित मात्रै जोडिएको छैन, यो राष्ट्र र राष्ट्रियतासित यो हाम्रो इज्जतसँग जोडिएको छ । नेपालीहरूको शिर झुक्ने गरी जुन एउटा सुन तस्करको Transit point नेपाललाई बनाइयो । त्यसको विषयमा हामीले कुरा उठाइरहँदा सत्ता पक्षले हामीलाई प्रतिपक्षलाई जहिले पनि जनताका विषयवस्तुलाई उठाएर सदनमा आफ्ना कुराहरू राख्दा सदन अवरूद्ध भयो भनेर आरोप लगाइरहन्छ । तर म सोध्न चाहन्छु, हामीले उठाएको विषवस्तुलाई सम्बोधन गर्ने दायित्व सरकारको हो कि होइन? यसको जवाफ दिनुपर्दैन? यसको जवाफदेही को हुने हो? यसको जवाफदेही प्रधानमन्त्री हुने हो कि? गृहमन्त्री हो कि? अर्थमन्त्री हो? हामीले सोधिरहेका छौं । उच्चस्तरीय छानबिन समिति गठन गर्ने कुरा उठाइरहँदा किन सरकारलाई डर लागेको छ? यहाँनिर अझै शङ्का गर्ने विषय छ । अझै हिजो मात्रै गृहमन्त्रीज्यूले प्रतिनिधि सभामा बोलेका शब्दहरू, भनेका अभिव्यक्तिहरूबाट हामीलाई थप शङ्का उब्जिएको छ । नेपाली जनता झन सशङ्कित भएका छन् । किन डराइरहन्छ यो उच्चस्तरीय छानबिन समितिदेखि?

प्रहरीको अनुसन्धानलाई हामीले कमजोर छ भनेको होइन । यहाँ अघिनै पनि कुरा उठ्यो, हामीले त्यसलाई विश्वास गरेका छौं । (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सङ्क्षेपमा, सङ्क्षेपमा कुरा राख्नुहोला ।) त्यसको पनि आफ्नो एउटा भूमिका हुन्छ, त्यसको पनि कहाँसम्म पुग्ने भन्ने त्यसका सीमाहरू हुन्छन् । त्यसैले हामीले जुनमाथि हामीले शङ्का गरिरहेका छौं, त्यहाँसम्म पुग्नका निम्ति प्रहरी सक्दैन । हामीले यो पनि बुझेका छौं । त्यसैले हामीले

उच्चस्तरीय छानबिन समिति गठन गरोस् भनेर हामीले भनिरहेका छौँ यो कुरामा किन सत्तापक्ष भागिरहेको छ । यो प्रश्न जनताको मनमा उठिरहेको छ ।

एयरपोर्टमा जडान गरिएको Live Online Monitoring System लाई किन बिगारियो? त्यसलाई बनाउनुपर्दैन? त्यो त्यसैका निम्ति बिगारिएको हो? म प्रश्न गर्न चाहन्छु, पटक पटक धातुजन्य मिश्रित जुन वस्तु आयात गरियो, २२ पटकसम्म भन्सारको X-ray Machine ले Recheck को सङ्केत गर्दा किन त्यसलाई Recheck गरिएन? एउटा हेमन्त खड्का जो भन्सारका Store Keeper उनको घरमा छ करोड भेटिन्छ, के त्यो हैसियत भएका मान्छे हुन त? उनले छ करोड राख्न सक्थे? यस्ता यावत् प्रश्नहरू त सरकारतिरै तेर्सिएका छन् । यो त कुनै प्रहरीको अनुसन्धानले मात्रै त्यहाँसम्म, त्यो तागतसम्म पुग्न सक्दैन भन्ने हामीलाई लागेको छ र हामी सहयोगी त्यसका निम्ति त्यही अनुसन्धानलाई पनि सहयोग गर्नका निम्ति उच्चस्तरीय छानबिन समितिको माग गरेका हौँ । यहाँ हामीलाई यो उच्चस्तरीय छानबिन समितिलाई ओझेलमा पार्नका निम्ति यहाँ कहिले ३३ किलो सुन भन्ने कुराहरू उठाइन्छ । त कहिले CIB लाई यो विश्वास गर्न नसकेको भनेर आरोप लगाइन्छ । यसलाई ओझेलमा पार्नका निम्ति गरिएको यी जालझेलहरू हुन् । त्यसैले हामीलाई यो सरकारप्रति, सरकारका त्यस्ता महत्त्वपूर्ण जिम्मेवारी ठाउँमा बस्नुभएकाहरूप्रति नै हामीलाई जब शङ्का छ, हामीलाई भनेको नेकपा एमालेलाई मात्र होइन, नेपाली जनतालाई हो, नेपाली जनताको भाषा बोलिरहेका छौँ हामी । त्यसैले उहाँहरूमाथि पनि छानबिन गर्न पर्छ भनेर हामीले यो कुरा उठाइरहेका हौँ ।

त्यसैले देशमा भएका विभिन्न समस्याहरूको बारेमा हामी अत्यन्तै संवेदनशील छौँ । (**<u>सम्माननीय अध्यक्ष</u>**:- टुङ्ग्याउनुहोस्, माननीयज्यू, टुङ्ग्याउनु ।) छिट्टै टुङ्ग्याइहाल्छु । यसको विषयमा प्रमुख प्रतिपक्ष मात्रै होइन, सत्ता पक्षका माननीयले यो सदनमा म अनसन बस्छु भनेरसमेत उहाँहरूले बोल्नुभ'को छ । यही राष्ट्रिय सभामा पनि प्रमुख प्रतिपक्ष, सत्तापक्षकै माननीयले दलका नेताले बोल्नुभा'को छ । यसको विषयमा गृहमन्त्री र अर्थमन्त्रीको संलग्नता छ भनेर आशङ्का गरेर बोल्नुभा'को हो । (सत्तापक्षका माननीय सदस्य रमेशजंग रायमाझीले टेबल ढ्याप, ढ्याप गर्नुभएको ।) ती कुराहरूलाई हामीले .....

(सत्तापक्ष दलका माननीय रामेशजंग रायमाझीले टेबुल ठोकेर केही कुरा भन्न खोज्नुभएको) ।

(१४:१८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- के के माननीयज्यू? भन्नुस् भन्नुस् रमेश माननीयज्यू ।

(प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ठोकेर फेरी आआफ्नो आसनअगाडि उभिनुभएको) ।

(१४:१९ बजे) **<u>माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो कार्यव्यवस्थाको..... भएको कुराभन्दा बाहिर गरेर (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, यसो गरौं न ..... एउटा एउटा पालो बोलौं, बोलौं अनि ।) कार्यव्यवस्थाको बैठकभन्दा जे कुरा भा' छ त्योभन्दा बाहिर ..... बैठक अगाडि बढेको हुँदा र फेरि जुन कुरो चाहिँ माननीय आरोप लाउनुभा' छ, त्यो रेकर्ड खोजेर हेरियोस्, कुनै रेकर्ड खोजेर हेरियोस्, यही सदनमा बोलेको र यही माननीय र सम्माननीय अध्यक्षज्यू.....

(प्रतिपक्ष दलका र सत्तापक्ष दलका माननीय सदस्यहरू आआफ्नो आसनअगाडि उभिरहनुभएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय, दोहोरी नगरौं न, यसरी होइन यो रेकर्ड आफ्नो बोल्ने बेलामा गरौं । माननीय बस्नुस्, ठिक छ आफैंले बोल्ने बेलामा गरौं । यस्तो त राष्ट्रिय सभामा हुँदैन । माननीयहरू बसौं, यसो नगरौं । माननीय नबसिकन यसरी कसरी बोल्ने कुरा हुन्छ? तपाईंहरू, होइन समय यसमा म, म एकदमै प्रष्ट भन्छु । सबैलाई समान व्यवस्था गरिया छ । मैले त कार्यक्रम त अगाडि चलाउनुपर्‍यो । चलाउन लागि सकेपछि केही छ भने पार उठिसकेपछि त के हो भनेर समय दिनुपर्‍यो, त्यति मात्रै हो । किनकि मैले त अरू चलाउने कुराहरू मैले रोक्ने कुरा त भएन । सुरुमा हामीले जे राखेका छौं । यो त एउटा प्रक्रियाले लाने कुरा हो माननीयज्यूहरू, यसकारण यहाँबाट केही भा'को छैन । मैले छोटो बोल्नुस् भनिराख्या छु । वहाँहरूले बोलेका कुरामा आपत्ति हुँदा फेरि बोल्ने बेलामा यहाँहरूले आफ्नो कुरा राख्ने हो, यसरी अहिलेसम्म पनि बोल्दाबोल्दै अनि अर्कोले चाहिँ फेरि यो चेक गरियोस्, अर्को गरियोस् भन्ने कुरा गरिया छैन । यदि यहाँहरू बोल्नु छ, बस्नुस् एक जनाले बोल्नुस् सबै उठेर सबै बोल्ने कुरा चाहिँ यो सम्भव छैन । तपाईंहरू बस्नुस् सत्तापक्ष, प्रतिपक्ष जोले पनि

बोल्न सक्नुहुन्छ, तर बस्नुस् । माननीयहरू बसेर मात्र बोलौं, उठेर सबैले बोल्ने काम नगरौं । माननीय पहिलो विमला माननीयले सक्नुहुन्छ । त्यसपछि बोल्नुस् ।

(१४:२० बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले यो विषयलाई कसैलाई आरोप लगाउन खोजेको होइन । मैले मात्रै यो सुन तस्करी काण्डमा प्रतिपक्षको मात्रै विषय नभएर यो सत्तापक्षको पनि विषय हो, मैले यसरी मात्रै आग्रह गर्न खोजेको हो । त्यसैले म यो उच्चस्तरीय छानबिन समिति गठन गरोस् । जति सको छिटो सरकारले यो गठन गर्छ, त्यति नै छिटो यो सदन सुचारु हुन्छ । म यो आग्रह गर्न चाहन्छु । र तबसम्मका निम्ति हामीले फेरि पनि यो सदनलाई अगाडि बढाउन सक्दैनौं । म यही भन्दै आफ्ना भनाइ अन्त्य गर्छु । धन्यवाद ।

(प्रतिपक्ष दलका माननीय सदस्यहरू र सत्तापक्ष दलका माननीय रमेशजंग रायमाझी आआफ्नो आसनअगाडि उभिइरहनुभएको) ।

(१४:२३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीयहरू, बस्नुस् अब । यता सत्तापक्ष पनि बोल्न खोज्नुभा' छ । यहाँले कुरा राख्नुभो' । सत्तापक्षको पनि सुनौं । बस्नुस् माननीयहरू । बोल्न दिया छैन । तपाईंहरू बस्नुस्, मैले बस्नुस् भनिराख्या छु । कसैलाई पनि कसैको पनि कुरा रेकर्डमा पनि रहँदैन, सबै उभिएर बोलेकोमा । मैले त्यही भएर आग्रह गरेको छु कि माननीयहरू, एक जनाले बोल्दा अरू बसिदिनुस्, । उठी उठी सबै उठेर बोल्ने कुराहरू हाम्रो अभ्यासमा छैन । त्यो हुँदैन । बस्दिनुस् सुनौं वहाँका कुरा फेरि तपाईंहरू आफ्ना कुराहरू राख्न फेरि.....

(प्रतिपक्ष दलका माननीय सदस्यहरू र सत्तापक्ष दलका माननीय रमेशजंग रायमाझी आआफ्नो आसनअगाडि उभिइरहनुभएको) ।

माननीय यस्तो नगरौं न, यसरी हाउस अहिलेसम्म चल्या छैन । पालो पालो बोलेका छौं, शिष्टतापूर्वक बोलौं माननीय बसेपछि, वहाँहरू बस्नुपर्‍यो नि बोल्नको लागि र भन्नुहोला वहाँहरू बस्नुपर्‍यो । बस्न म आग्रह गरिराख्या छु कि यसरी बोलिराखेर त उठ्ने बोल्ने हो भने त के व्यवस्था रहन्छ हाम्रो? यो कुरालाई त सबैले पालना गर्नुपर्‍यो नि, सबैले मर्यादित

हुनुपर्छ । म सबैलाई यो भनिरा' छु कि अहिले पनि अमर्यादित शब्द नबोलौं, नियमभन्दा बाहिरका, नियमावलीभन्दा बाहिरका कुराहरू नबोलौं भन्ने मेरो आग्रह छ । र त्यहीअनुसार सदाभरि हामीले त्यो गरेका छौं । माननीयहरू, बस्नुस् । यहाँहरूले आफ्ना कुराहरू राख्नुभाको छ, फेरि पनि सौहार्दपूर्ण ढङ्गले अगाडि बढौं । माननीयहरूलाई म बस्न आग्रह गर्छु ।

(प्रतिपक्ष दलका माननीय सदस्यहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको) ।

माननीय सदस्यहरू, यहाँहरूले सबैले आफ्नो विचारहरू राखिरहनुभा'को छ । फेरि पनि हामी कार्यसूचीलाई अगाडि बढाउनको लागि यहाँहरूले आफ्नो आसन ग्रहण गरिदिनुहुन म हार्दिक अनुरोध गर्दछु । यहाँहरू बसौं । यो आग्रह गर्दै म फेरि पनि यसलाई अगाडि सुचारु हुनको लागि अनुकूल वातावरण बनाउन यहाँहरू समक्ष पुनः आग्रह गर्दछु ।

माननीय सदस्यहरू, आजको कार्यसूचीमा रहेका विषयहरूलाई कार्यसूचीबाट हटाएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल साउन २६ गते शुक्रवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल साउन २६ गते शुक्रवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४:२४ बजे ।**